जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ११४ • २०८१ साल भाद्र २५ गते मंगलबार (10 September, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।–

## सत्तारुढ दलको बैठकमा लोसपा, जसपा र नाउपा

# मधेश प्रदेशमा सत्ता गठबन्धनको नेतृत्व गर्ने जनमत बाहिर

**टुडे समाचारदाता**

काठमाण्डु । संघीय सत्ता गठबन्धन दलको बैठकमा अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा)को महत्वपूर्ण भूमिका देखिएको छ । मधेश प्रदेशमा सत्ता गठबन्धनको नेतृत्व गरिरहेको जनमत पार्टीलाई संघीय सरकारमा सहभागी गराइएको छैन । तर जनमत पार्टी नेतृत्वको मधेश प्रदेशमा नेकपा एमाले, नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल सहभागी रहेका छन् ।



प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सोमबार साँझ बसेको बैठकमा सरकार सञ्चालन र सरकारको न्यूनतम साझा कार्यक्रम निर्माणलगायत विषयमा साझा धारणा बनाउन गठबन्धन दलको बैठक बसेको थियो ।

बैठकमा एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राई, लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर , नागरिक उन्मुक्ति पार्टीका (नाउपा)अध्यक्ष रञ्जिता श्रेष्ठ र सो दलका प्रमुख सचेतक, सचेतकलगायतका नेताहरूको सहभागिता रहेको थियो ।

बैठकले संविधान संशोधनका लागि बृहत छलफल गर्ने समझदारी गरेको छ । कांग्रेस-एमालेबीच असार तेस्रो साता भएको सात बुँदे सहमति अनुसार संविधान संशोधन गर्न प्रमुख राजनीतिक दल र असन्तुष्ट पक्षसँग छलफल गरेर मात्रै अघि बढाउने दलहरूबीच समझदारी भएको नाउपाकी अध्यक्ष श्रेष्ठले बताएकी छन् ।

'संविधान संशाधेन गर्न सबै दलसँग बृहत छलफल गर्ने कुरा भएको छ' उनले भनिन् - सबै दलको विचार विमर्श बुझेर संविधान संशोधनको विषयलाई निष्कर्षमा पुऱ्याउन बैठक केन्द्रित थियो । संविधान जारी हुँदा धेरै पक्ष असन्तुष्ट रहेकाले ती असन्तुष्टिलाई सम्बोधन गरी अझै राम्रो संविधान बनाउनुपर्छ भन्नेमा सत्ता गठबन्धनका नेताहरुले जोड दिएको उनले बताइन् ।

राजनीतिक दल र असन्तुष्ट पक्षसँग छलफल गरी अघि बढ्ने निष्कर्षमा सत्तारुढ दल पुगेको अध्यक्ष श्रेष्ठले बताइन् । प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र सहितका दलहरुले सरकारको आलोचना गरिरहेको बेला प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवाले सरकारलाई बलियो र कामकारबाहीलाई प्रभावकारी बनाउनमा जोड दिएका थिए ।

संविधान संशोधनका लागि माओवादी, जसपा नेपाल, नेकपा एसको अनिवार्य समर्थन चाहिन्छ ।

नाउपा सत्ता गठबन्धनमा रहे पनि सरकारमा हालसम्म सहभागी भएको छैन । तर जसपा र लोसपा सरकारमा छन् । जसपाबाट दुई जना मन्त्री र एक जना राज्यमन्त्री छन् भने लोसपाबाट एक जना मन्त्री छन् ।

सत्ता गठबन्धनमा रहेका दलहरु मध्ये नाउपालाई मधेश प्रदेश सरकारमा समेटिएको छैन । सरकारलाई समर्थन गर्ने एमाले र कांग्रेसको मधेश प्रदेश सरकारमा दबदबा छ ।

मधेश प्रदेशमा जसपाको संगठन क्रमिक रुपमा बलियो भइरहे पनि प्रदेश संसदमा एकजना पनि सांसद छैन । सर्वोच्च अदालतले निर्वाचन आयोगको दल रोज्ने सम्बन्धी निर्णयलगायतका विषयमा रोक लगाएसँगै मधेश प्रदेशका सभासदहरु जनता समाजवादी पार्टी(जसपा)नेपालमा नै रोकिएका छन् ।

प्रधानमन्त्री ओलीले जसपाका अध्यक्ष राइलाई विशेष महत्व दिएसँगै जसपा नेपालबाट भारी संख्यामा नेता, कार्यकर्ताहरु आकर्षित भएका छन् ।










# घरदैलोमा इलाका प्रशासन, गाउँमै सिंहदरबारको अनुभूति

वीरगञ्ज । पर्साका जिराभवानी गाउँपालिका-४ का वृजलाल प्रसाद यादवलाई नागरिकता, राष्ट्रिय परिचयलगायत कागजात बनाउन वीरगञ्जस्थित जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यता थियो । आफ्नो गाउँपालिकाबाट २५ किलोमिटर लामो दुरी तय गरेर वीरगञ्ज आउँदा एकातिर समयको खर्च र अर्कोतर्फ गाडी भाडाले आजित हुनुभएको थियो । अहिले उहाँकै घरदैलोमा इलाका प्रशासन कार्यालय, सुपौली सञ्चालनमा आएसँगै नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानीलगायत कागजात बनाउन सदरमुकाम धाउनुपर्ने बाध्यताको अन्त्य भएको छ ।

"पहिला नागरिकता, राष्ट्रिय परिचयपत्र लगायतका कागजात बनाउन वीरगञ्ज धाउनुपर्ने समस्या थियो", उहाँले भन्नुभयो, "वीरगञ्ज जाँदा एक दिनको पूरै समय छुट्याएर जानुपर्ने हुन्थ्यो । पैसा पनि त्यतिकै खर्च हुन्थ्यो । अब त हिँडेरै सेवा लिन पाइने भयो ।" जिल्ला प्रशासन कार्यालय पर्साले आइतबारदेखि जिराभवानी गाउँपालिका-४ स्थित इलाका प्रशासन कार्यालय, सुपौली पुनःसञ्चालनमा ल्याएसँगै वृजलाल मात्रै होइन, पर्साका जिराभवानी, जगरनाथपुर, पटेँवा सुगौली र ठोरी गाउँपालिका सर्वसाधारणलाई नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानीलगायत प्रशासनिक कागजात बनाउन वीरगञ्ज धाउनुपर्ने बाध्यताको अन्त्य भएको हो ।

जिराभवानी गाउँपालिकाका महादेवपट्टीका रामविजय चौधरी पनि घरदैलोमा सरकारी



कार्यालय आएकोमा हर्षित हुनुहुन्छ । " अब त कम्तीमा साइकल चढेरै नागरिकता र पासपोर्ट बनाउन पाइने भयो", उहाँले भन्नुभयो, "पर्साको उर्लुमाउलो गर्मीमा कम्तीमा धेरै हिँड्नु त परेन नि ।" उहाँले वीरगञ्जमा नागरिकता र राष्ट्रिय परिचयपत्र बनाउन जाँदा मात्रै यातायात र नास्ता बापत् एक हजारभन्दा धेरै खर्च हुने अनुभव सुनाउनुभयो । "अहिले त इलाका प्रशासन कार्यालयमा साइकल चढेरै आउन पनि सकिने भयो । कुनै कागजात छुटे पनि तुरुन्तै घरबाटै ल्याउन सकिने भएको छ', उहाँले भन्नुभयो ।

पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले सार्वजनिक सेवालाई जनतामैत्री बनाउन इलाका प्रशासन कार्यालय सुपौली सञ्चालनमा ल्याएको बताउनुभयो ।"हामीले सार्वजनिक सेवालाई विकेन्द्रीकरण गर्ने हेतुले इलाका प्रशासन कार्यालय सञ्चालनमा ल्याएका हौं," उहाँले भन्नुभयो, "चार पालिकाबाट दैनिक एक सय ५० भन्दा धेरै सेवाग्राहीले आफ्नो घरआँगनबाटै सेवा प्राप्त गर्न सक्नुहुनेछ ।"

इलाका प्रशासन कार्यालय, सुपौली विसं २०७५ पुस ११ गतेदेखि सञ्चालनमा आएको थियो । तर, विविध कारण २०७९ सालदेखि सेवा स्थगित भएको थियो । स्थानीय प्रभु चौधरी थारु, बिन्दा देवि चौधरी थारु र रामकलिया देवी गुरो थारुले उपलब्ध गराएको एक कठ्ठा १७ धुर जग्गामा नयाँ भवन निर्माण गरेर इलाका प्रशासन कार्यालय सञ्चालनमा ल्याइएको हो । सो अवसरमा जग्गादाता तीनै जनालाई दोसल्ला तथा सम्मानपत्रले सम्मानित गरियो ।

संविधानसभा सदस्य जयप्रकाश थारु इलाका प्रशासन कार्यालय पुनः सञ्चालन भएसँगै सेवाग्राहीले सहज र सुलभ सेवा प्राप्त गर्ने बताउनुहुन्छ । पटेँवा सुगौली गाउँपालिका अध्यक्ष दिनेश चौधरीले संविधानको मर्म अनुरुप जनताको घरदैलोमा इलाका प्रशासन कार्यालय आउनु निकै सुखद् रहेको बताउनुभयो । "जनताको घरदैलोमा सिंहदरबार भन्ने कुरा यो कार्यालय स्थापना भएर केही हदसम्म भए पनि स्थानीयले अनुभूति गर्न पाएका छन्", उहाँले भन्नुभयो, "इलाका प्रशासन कार्यालय मात्रै होइन, मालपोत, नापीलगायत कार्यालय ल्याएर जनताको घरदैलोमा सरकारको अनूभूति दिलाउन जरुरी छ ।"

ठोरी गाउँपालिकाका अध्यक्ष सुवर्ण श्रेष्ठले यस अघि पनि कर्मचारी नभएर समस्याले इलाका प्रशासन बन्द भएकाले आगामी दिनमा कर्मचारी अभाव नहुने वातावरण मिलाउन आग्रह गर्नुभयो।पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सानोबाबु अधिकारीले इलाका प्रशासन कार्यालयमा एक जना अधिकृतसहित आठ जना कर्मचारी रहने जानकारी दिनुभयो । कार्यालय शाखा अधिकृतको नेतृत्वमा सञ्चालन हुनेछ । सहायक लेखापाल, तीन नायब सुब्बा, कम्प्युटरसँग सम्बन्धित प्राविधिक एक जना र दुई जना कार्यालय सहयोगी रहने जिल्ला प्रशासनले जनाएको छ ।रासस

# बैंकिङ कसुर विधेयक अर्थ समितिबाट संशोधनसहित पारित

काठमाण्डु । 'बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८०' अर्थ समितिबाट संशोधनसहित पारित भएको छ । समितिको सोमबारको बैठकले उक्त विधेयकमाथि परेका संशोधन प्रस्ताव र दफावार छलफलका क्रममा उठेका विषयहरु संशोधनसहित पारित गरिएको समितिका सभापति सन्तोष चालिसेले जानकारी दिनुभयो ।

अर्थ समितिको सोमबारको बैठकले चेक अनादर (चेक बाउन्स)सम्बन्धी मुद्दामा रु १० करोडभन्दा माथिको बिगो भएमा दुई वर्षदेखि चार वर्षसम्म कैद सजाय हुने व्यवस्था राख्ने सहमति जुटाएको सभापति चालिसेले बताउनुभयो । समितिको आइतबार बसेको बैठकले चेक बाउन्सका मुद्दामा रु १५ लाखसम्मको बिगो भए एक महिना कैद, रु १५ लाखदेखि रु ५० लाखसम्मको बिगो भए एक महिनादेखि तीन महिनासम्म कैद, रु ५० लाखदेखि रु एक करोडसम्म बिगो भएमा तीन महिनादेखि एक वर्षसम्म कैद र रु एक करोडभन्दा माथिको बिगो भए दुई वर्षसम्म कैदको सजाय गर्ने व्यवस्था विधेयकमा राख्ने सहमति जुटाएको थियो । तर आजको बैठकमा समितिका केही सदस्यहरुले रु १० करोडभन्दा माथिको बिगोमा कैद सजाय बढाइनुपर्ने धारणा राखेपछि सोमबार माथिको चेक बाउन्ससम्बन्धी मुद्दामा दुई वर्षदेखि चार वर्षसम्म कैद सजाय हुने व्यवस्था विधेयकमा राखिएको छ ।

गतवर्ष साउन २३ गतेको मन्त्रिपरिषद् बैठकले बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० को मस्यौदा स्वीकृत गरेको थियो भने तत्कालीन अर्थमन्त्री डा प्रकाशशरण महतले २०८० असोज १६ गते उक्त विधेयक संसदा दर्ता गर्नुभएको थियो । चेक अनादरसम्बन्धी मुद्दामा फरक-फरक खालको कानुनी उपचारको अवस्था देखिएकाले यसलाई एकरुप बनाउनुपर्ने व्यहोराको सर्वोच्च अदालतको आदेश र महान्यायाधिवक्ताको कार्यालयको अध्ययनबाटसमेत बैङ्किङ कसुर तथा सजाय ऐनलाई संशोधन गर्नुपर्ने सुझावका आधारमा सरकारले सो विधेयक तयार पारेको थियो । विधेयकमाथि २० वटा संशोधन प्रस्ताव परेका थिए ।

कुनै व्यक्तिले आफ्नो खातामा रकम मौज्दात नभइ चेक जारी गर्न नहुने व्यवस्था विधेयकमा राखिएको छ । "कसैले पनि आफ्नो बैंक खातामा रकम मौज्दात नभएको वा मौज्दात भए पनि भुक्तानीका लागि पर्याप्त छैन भन्ने जानाजान कसैलाई चेक जारी गरी दिन वा बैंकसँग त्यस्तो चेकको भुक्तानी माग गर्नुहुँदैन", विधेयकमा भनिएको छ ।

चेकको भुक्तानी गर्न आवश्यक पर्ने रकम खातामा मौज्दात नदेखिएमा त्यस्तो चेक बैंक तथा वित्तीय संस्थाले धारकलाई नै फिर्ता दिनुपर्नेछ । यही चेक साट्न चाहने व्यक्तिले त्यस्तो चेक अनादर भएको प्रमाणित गराउन चाहेमा बैंकले बढीमा तीस दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावालालाई सूचना दिई सो को अभिलेख राख्नुपर्ने व्यवस्था विधेयकमा राखिएको छ । त्यसरी सूचना दिएको जानकारी खुलाई बैंकले चेक फिर्ता गर्नुपर्नेछ । रासस

# बज्जिकाञ्चल दैनिकलाई भाषा आयोगले गर्‍यो सम्मानित

टुडे समाचारदाता

जनकपुरधाम । बज्जिका भाषाको एक मात्र दैनिक पत्रिका बज्जिकाञ्चल दैनिकलाई भाषा आयोग सम्मानित गरेको छ । भाषा आयोगको स्थापना दिवसको अवसरमा आयोगको कार्यालय शंखमूलमा आयोजित विशेष कार्यक्रममा बज्जिकाञ्चल दैनिकलाई सम्मानपत्रबाट सम्मानित गरिएको छ ।बज्जिका मातृभाषा र मातृभाषा साहित्यको श्रीवृद्धिमा उलेखनीय कार्य गरि अमूल्य योगदान पुऱ्याएको कामको उच्च मूल्यांकन गर्दै भाषा आयोगको तर्फबाट बज्जिकाञ्चल दैनिकलाई सम्मानित गरिएको छ । नेपालमा देशभरबाट मातृभाषामा प्रकाशित हुँदै आएको पत्रिकामध्ये ११ वटा पत्रिकालाई एकसाथ सम्मानित गरिएको छ । मधेश प्रदेशबाट भोजपुरी टाइम्सको साथै बज्जिकाञ्चल दैनिक सम्मानित भएको छ । नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उडयन मन्त्री माननीय बद्रीप्रसाद पाण्डे बज्जिकाञ्चल दैनिकका सम्मानित गरेका छन् । पत्रिकाका संचालक राजु कुमार श्रीवास्तव बज्जिकाञ्चल दैनिकको सम्मानपत्र बुझेका छन् ।सो अवसरमा मन्तव्य व्यक्त गर्दै मन्त्री पाण्डे मातृभाषाको



सरकारी कामकाजको भाषा बनाउनमा प्रदेश सरकार र स्थानीय सरकारलाई जिम्मेवार हुन आवश्यक रहेको बताएका छन् । मन्त्री पाण्डे बज्जिकाञ्चल दैनिकको साथे सबै मातुभाषाको पत्रिकाका अभै राम्रो सँग मातृभाषाको सेवा गर्न सुझाव दिएका छन् ।

सो अवसरमा श्रीवास्तव सम्पूर्ण बज्जिका मातृभाषीको सम्मानको बात रहेको उल्लेख गर्दै जबसम्म शरीरमा साँस रहन्छ तबसम्म बज्जिकाञ्चल दैनिकलाई प्रकाशन गर्ने प्रतिबद्धता पनि जनाएका छन् । विश्व बज्जिकाको पहिलो दैनिक अखबारको रुपमा सम्पूर्ण बज्जिकाञ्चल क्षेत्रको साझा आवाजको नारासहित प्रकाशित भईरहेको बज्जिकाञ्चल दैनिक नेपाल र भारतको सम्पूर्ण बज्जिकाप्रेमीको मुख्य आवाज रहेको छ । बज्जिका भाषा र साहित्यको सम्पूर्ण गतिविधिको प्रकाशन गर्दै प्रचारप्रसार गर्दै बज्जिकाञ्चल दैनिक बज्जिका पत्रकारिताको अग्रणी पत्रिका बन्नमा सफल भएको छ । नेपालको बज्जिका साहित्यकारको शनिवारका दिन र भारतीय बज्जिका साहित्यकारको आईतबारको दिनको अंकमा साहित्यिक गतिविधि र साहित्य सिर्जनाको मुख्य स्थान दिईरहेको बज्जिकाञ्चल दैनिकलाई राष्ट्रिय सम्मान प्राप्त भएकोले सम्पूर्ण बज्जिकाञ्चल क्षेत्रमा खुसीको संचार भएको छ ।

बज्जिका भाषाको साहित्यकार, बज्जिका भाषाको प्रेमी, बज्जिकाको शुभचिन्तक तथा बज्जिकाञ्चल दैनिकको शुभेच्छुक खुसी व्यक्त गरेका छन् । रौतहटबाट प्रकाशित हुने सबै पत्रिकामा बज्जिकाञ्चल दैनिकनै पहिलो चोटी राष्ट्रिय सम्मानबाट सम्मानित भएको छ ।

# दश महिनादेखि आफ्ना मागको सुनुवाइ नभएको कवाडी व्यवसायीको गुनासो

काठमाण्डु । काठमाडौं महानगरमा निर्वाध रुपमा कवाड व्यवसाय गर्न पाउनुपर्ने माग गर्दै कवाड व्यवसायी समाज नेपाल १० महिनादेखि सङ्घर्षरत छ । महानगरमा कवाड व्यवसाय गर्ने वतावरण बनाइदिन माग गर्दै व्यवसायीले काठमाडौं महानगरलाई बारम्बार ताकेता गर्दै आएका छन् । विभिन्न चरणमा दबाबमूलक कार्यक्रम गरिए पनि १० महिनादेखि महानगरले आफ्ना मागको सुनुवाइ नगरेको कवाड व्यवसायी समाजका अध्यक्ष रामकेवल गुप्ताले गुनासो गर्नुभयो ।

वर्षौंदेखि कवाड व्यवसाय सञ्चालन गर्दै आएका कवाड व्यवसायीलाई पलायन हुनेगरी महानगरले व्यवसाय सञ्चालन गर्न नदिएको उहाँको भनाइ छ । "पटक पटक पत्रकार सम्मेलन गरेर हाम्रा मागका सन्दर्भमा महानगरको ध्यानाकर्षण गरायौं, हुलाकमार्फत पनि मागपत्र पठायौं, हालसम्म कुनै सम्बोधन भएको छैन", अध्यक्ष गुप्ताले भन्नुभयो ।यता महानगरले भने वातावरण फोहर गरेको, आगजनीका तथा चोरीका घटना बढेको भन्दै कवाड व्यवसायीलाई व्यवसाय गर्न दिएको छैन । कामपाका प्रवक्ता नवीन मानन्धरले महानगरभित्र कवाड व्यवसायले कसैलाई पनि फाइदा नपुने भएकाले व्यवसायीलाई महानगरभित्र व्यापार गर्न नदिने निर्णय भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "जेसुकै भए पनि महानगरभित्र कवाड राखेर कसैलाई पनि फाइदा भएको छैन । उद्योग पनि फष्टाएको छैन, त्यसकारण महानगरभित्र कुनै पनि कवाडी पसल र डिपो राख्न नदिने महानगरले स्पष्ट निर्णय गरेको छ ।"प्रचलित कानुनबमोजिम सम्बन्धित निकायको अनुमतिमा काठमाडौं महानगरपालिकाको विभिन्न वडामा कवाड व्यवसाय सञ्चालन गर्दै आएको समाजले जनाएको छ । व्यवसायीले कवाडी सामान जफत र तोडफोड गर्नेलगायत कवाड व्यवसायीमाथि गरिएको व्यवहार तत्काल रोक्न र निर्वाध रुपमा व्यवसाय गर्ने वातावरण सिर्जना गर्न महानगरसमक्ष माग गरेका छन् ।"हाम्रो मुख्य माग भनेको वर्षौंदेखि हामीले गर्दै आएको कवाडी व्यवसाय गर्न पाउनुपऱ्यो", समाजका अध्यक्ष गुप्ताले भन्नुभयो, "कवाडका नाममा विभिन्न थरीको कर तिर्छौं तर अनावश्यक कर लगाइनु भएन, रोजीरोटी गुम्नुभएन ।"कवाड सामग्रीमा प्लास्टिकको बोटल, बियर, वाइनआदिका बोटल, फलामका सामग्री, कागजलगायत सामग्री पर्छन् । कवाड व्यवसायीले उद्योगलाई एक महिना कच्चापदार्थ उपलब्ध (सप्लाइ) नगर्ने हो भने उद्योग आर्थिक सङ्कटमा पर्ने अध्यक्ष गुप्ताले दाबी गर्नुभयो ।

देशमा रोजगारीको सुनिश्चित हुनुपर्ने, महानगरले कवाड व्यवसायीको मर्म र भावना बुझिदिनुपर्ने, अनावश्यक करको बोझ थप्न नहुने व्यवसायीको भनाइ छ। काठमाडौं उपत्यकामा मात्रै करिब ५० हजार कवाड व्यवसायी रहेका समाजले जनाएको छ ।"फोहरबाट मोहर बनाइरहेका हामीलाई किन सास्ती दिइयो, फोहर व्यवस्थापन, वातावरण सन्तुलन, उद्योगलाई कच्चापदार्थ उपलब्ध गरिरहेका छौं, आवश्यक कर पनि तिरिरहेका छौं, रोजगारी सिर्जना भएको छ तर हामीलाई काठमाडौंबाट लखेट्न खोजियो", अध्यक्ष गुप्ताले गुनासो पोख्नुभयो ।कवाड व्यवसायमा अर्बौं लगानी भइसकेको व्यवसायीको भनाइ छ । दश महिनामा एक दिन पनि महानगरले मागबारे कुरा गर्न नचाहेको भन्दै कवाड व्यवसायीले यो मुद्दालाई राष्ट्रिय रुपमा उठाएर उद्यमशीलताको विकास र रोजगारीको अवसर प्रदान गर्न लागिपर्ने जनाएको छ । काठमाडौं उपत्यकामा मात्रै करिब एक हजार कवाड सङ्कलन गर्ने डिपो छन् ।

ललितपुर र भक्तपुरमा पनि उल्लेख्य संख्यामा कवाड डिपो रहेका छन् ।उद्योगलाई कच्चापदार्थ सप्लाई गरेर अर्बौंको कारोबार गरिरहेका व्यवसायीले मुलुकको अर्थतन्त्रमा पनि योगदान पुऱ्याउँदै आएको उनीहरुको भनाइ छ । सङ्कलित कवाड स्वदेशी उद्योगका साथै भारतमासमेत निर्यात हुने गरेको समाजका अध्यक्ष गुप्ताले जानकारी दिनुभयो । "विभिन्न डिपोबाट जम्मा गरिएका सामान उद्योगलाई दिइन्छ । नेपालमा धेरै स्टिल उद्योग छन् । बियर, वाइन, ह्विस्की, प्लास्टिक उद्योग आदिले कवाडी सामान लिन्छन्", उहाँले भन्नुभयो ।महानगरले ज्ञापनपत्र पनि लिन नमानेर आफूहरुलाई अपहेलित गरेको कवाड व्यवसायीको गुनासो छ । कर सङ्कलन हुने, प्रदूषण नियन्त्रण तथा उद्योगलाई कच्चापदार्थ उपलब्ध गराउने गरेको कवाड व्यवसायीले बताएका छन् ।रासस

# जनकपुरधाममा सुजुकीको एपिकस्वीफ्ट, विधुतिय कार जस्तै सुविधा



टुडे समाचारदाता

जनकपुरधाम । चारपाँग्रे सवारीसाधनको चर्चित उत्पादक सुजुकीको नयाँ स्वीफ्ट कार जनकपुरधाममा सुजुकीको आधिकारिक विक्रेता प्रमोद एण्ड ब्रदर्श अटोले उलब्ध गराएको छ । एपिकस्वीफ्ट मोडलको सो कारको एक समारोहका बिच जनकपुरधाम स्थित सुजुकीको आधिकारिक विक्रेता प्रमोद एण्ड ब्रदर्श अटोले सार्वजानिक गरेको हो । अटोका सञ्चालक युवा व्यवसायी प्रमोद कुमार साहले कार लञ्च गरेका छन् ।

सञ्चालक साहले यो नयाँ कार विधुतिय कार जस्तै शुन्य रनिङ्ग खर्च र सुविधा तथा आधुनिक सुरक्षा सहितको रहेको बताए । ४४ लाख पर्ने सो कार किन्दा सुरुमा एक हजार लिटर पेट्रोल र पाँच वर्ष सम्मको सर्भिसिङ्ग र त्यसमा प्रयोग हुने मोबिल सहितका निशुल्क उलब्ध हुने अटो संचालक साहले जानकारी दिएका छन् ।

## 'नेपाल प्रहरी र सशस्त्र प्रहरी विधेयकबारे परिणाममुखी छलफल'

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको नयाँ कानुन निर्माणको तयारीलाई तीव्र पार्नुभएको छ । उहाँले आइतबार नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका उच्च अधिकारीलाई गृहमन्त्रालय बोलाएर विधेयकको मस्यौदाबारे छलफल गर्नुभएको थियो । आइतबार नै गृहमन्त्री लेखकले यसबारे प्रधानमन्त्री केपी शर्मा ओलीलाई ब्रिफिङ गर्नुभएको थियो ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको कानुनमा संशोधन विधेयकमाथि प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री ओलीको उपस्थितिमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री लेखक, मुख्यसचिव एकनारायण अर्याल, दुवै मन्त्रालयका सचिव र दुवै सङ्गठनका प्रमुखसहित छलफल भएको थियो । बालुवाटारमा नयाँ कानुन निर्माण गर्ने विधेयकबारे सकारात्मक र परिणाममुखी छलफल भएको गृहमन्त्री लेखकले बताउनुभयो । रासस

## 'मापदण्डको फैसलामाथि सरकार छिट्टै ब्याकेटमा जान्छ'

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले काठमाडौंका नदी किनारबाट थप २० मिटरसम्म संरचना बनाउन नपाइने सर्वोच्च अदालतको फैसलामाथि सरकार छिट्टै पुनरावलोकन (ब्याकेट) मा जाने जनाउनुभएको छ । उपत्यका सडक विस्तार पीडित सङ्घर्ष समिति तथा खोला मापदण्ड सरोकार समूहका संयोजक सुमन सायमीसहितको टोलीको सोमबार ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री ओलीले स्थानीय जनता र सरोकार समूहका मुद्दालाई सम्बोधन गर्न सरकार तत्पर रहने स्पष्ट गर्नुभएको हो । रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथुन | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रो पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हप्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८४४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८१३४३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाहीको चुरेक्षेत्र तथा रौतहट जिल्लाको नुथरलाई जोड्न बागमती नदिमाथि बनाईएको झोलुङ्गे पुल। झोलुङ्गे पुल जिर्ण भईसकेको भन्दै पुलमा घुइँचो नगर्न, नहल्लाउन र मोटरसाईकल चलाउन रोक लगाइएको बोर्ड टाँगिएको छ। *तस्बिर : राससक*

# असफल भएको विद्युतीय भुक्तानीमा १० प्रतिशत भ्याट फिर्ता दिने योजना पुनः कार्यान्वयनमा

काठमाण्डु। वस्तु तथा सेवाको खरिदमा विद्युतीय माध्यामबाट बिल भुक्तानी गर्दा तोकिएको मूल्य अभिवृद्धि कर (भ्याट) को १० प्रतिशत रकम खरिदकर्ताको बैंक खातामा फिर्ता हुने व्यवस्था पुनः कार्यान्वयनमा आएको छ।

आन्तरिक राजश्व विभागले पहिलो चरणमा मदिरा पिउने केन्द्र (बार), चमेनागृह (रेस्टुराँ), होटल, मोटल, लज, गेष्टहाउस व्यवसायबाट प्रदान गरिने सेवाहरूमा उपभोक्ताले तिरेको भ्याटको १० प्रतिशत रकम फिर्ता गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको हो। विभागले गत शुक्रबार यी क्षेत्रका सेवा खरिदमा विद्युतीय माध्यमबाट भुक्तानी गरेमा प्रोत्साहन स्वरुप भुक्तानी गरेको करको १० प्रतिशत रकम फिर्ता दिने निर्णय गरेको हो।



विभागका महानिर्देशक रामप्रसाद आचार्यका अनुसार होटल, रेस्टुराँ, गेस्टहाउसजस्ता क्षेत्रमा वास्तविक कारोबारको तुलनामा निकै कम बिलबिजक जारी हुने गरेको र ती क्षेत्रहरूका कारोबार पूर्णरूपमा करको दायरामा आउन नसक्दा सरकारी राजस्वमा गुमिरहेकाले यस्तो व्यवस्था ल्याइएको हो। "हाम्रो अनुभवबाट पनि यस क्षेत्रमा कारोबारको तुलनामा निकै कममात्र भ्याट असुली भएको हो कि जस्तो देखिन्छ। उपभोक्ता पनि बिल बिजक लिनुपर्छ भन्नेमा सजक छैनन्", उहाँले रासससँग भन्नुभयो, "अहिले विभागले निश्चित क्षेत्र तोकेर विद्युतीय कारोबारमा भ्याट फिर्ता गर्ने भनेको छ। तर बिस्तारै अरु क्षेत्रमा पनि कार्यान्वयन गर्दै जाने योजना छ।" मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले विभागलाई सूचना प्रकाशित गरेर कुन वस्तु तथा सेवा खरिद गर्दा त्यस्तो खरिदको मूल्य भुक्तानी विद्युतीय माध्यामबाट भएको अवस्थामा भ्याट फिर्ता दिने भनेर तोक्ने अधिकार दिएको महानिर्देशक आचार्यले स्पष्ट पार्नुभयो।राजस्व प्रणाली सुधारका लागि कार्यान्वयनमा ल्याइएको यो व्यवस्था सरकारको एक सय दिनको कार्ययोजनामा रहेको छ। मुख्यगरी वस्तु तथा सेवाको खरिदमा अनिवार्य रुपमा बिल काट्ने प्रद्धति बसाल्न यो व्यवस्था ल्याइएको महानिर्देशक आचार्यले बताउनुभयो। "बिल बिजक लिने दिने प्रणालीलाई कसरी प्रभावकारी तुल्याउने र सबैतिर लागु गर्दै जाने भन्ने हो। उपभोक्तालाई बिल लिनका लागि बानी पार्नुपर्नेछ", उहाँले भन्नुभयो।

विद्युतीय भुक्तानीमा भ्याट फिर्ताको प्रावधान नयाँ भने होइन। सरकारले पाँच वर्ष अघिदेखि नै कार्यान्वयन गर्न खोजेको भए पनि यो व्यवस्थाको प्रभावकारिता लगभग शून्य र असफल जस्तै छ। आर्थिक वर्ष २०७६/७७ को बजेटमा सरकारले भ्याट सङ्कलन प्रभावकारी तुल्याउन उपभोक्ताले वस्तु तथा सेवा खरिदको मूल्य कार्ड वा विद्युतीय माध्यामबाट भुक्तानी गरेमा त्यसरी भुक्तानी गरिएको बिजकमा उल्लेखित भ्याटको १० प्रतिशत रकम भुक्तानीकर्ताको बैंक खातामा स्वतः जम्मा हुने व्यवस्था गरेको थियो। त्यसरी जम्मा हुने रकममा अग्रिम कर कट्टी गर्नु नपर्ने व्यवस्थासमेत ल्याएको थियो। बजेटको सो व्यवस्था कार्यान्वयनका लागि विभागले 'विद्युतीय माध्यामबाट भुक्तानी गर्ने उपभोक्तालाई मूल्य अभिवृद्धि कर फिर्ता दिनेसम्बन्धी कार्य प्रक्रिया, २०७६' समेत जारी गरेको थियो। तर बजेटमा परेको पाँच वर्षसम्म पनि कार्यान्वयन हुन नसकेपछि सरकारले चालु आर्थिक वर्षको बजेटमा फेरी यो व्यवस्था राखेको थियो।

चालु आर्थिक वर्ष २०८१/८२ को बजेटमा 'उपभोक्तालाई बिलिङ प्रणालीमा आकर्षित गर्न डिजिटल माध्यामबाट भुक्तानी गरिएको मूल्य अभिवृद्धि करको १० प्रतिशत रकम उपभोक्तालाई फिर्ता दिने व्यवस्थाको कार्यान्वयनमा देखिएका समस्या समाधान गरी साउनदेखि प्रभावकारी रुपमा कार्यान्वयन गर्ने' उल्लेख छ। त्यस्तै, मूल्य अभिवृद्धि करमा दर्ता भएका सबै करदाताले क्रमशः अनिवार्य रुपमा विद्युतीय प्रणालीबाट बिजक जारी गर्नुपर्ने व्यवस्था मिलाइने र वार्षिक रु २५ करोडभन्दा बढीको कारोबार गर्ने सबै करदाताको कारोबारलाई केन्द्रीय बिजक अनुगमन प्रणालीमा आबद्ध गरिने पनि बजेट वक्तव्यमा उल्लेख छ।

आर्थिक वर्ष २०७६/७७ को बजेटमा यो विषय परेपछि भाटभटेनी सुपरमार्केट, वर्ल्डलिङ्क कम्युनिकेसनलगायत कम्पनीहरूले भ्याट फिर्ता प्रणाली लागू पनि गरेको विभागका महानिर्देशक आचार्य बताउनुहुन्छ। तर सरकारले नै यो व्यवस्था कार्यान्वयनका लागि निरन्तरता दिन सकेन। अहिले पुनः कार्यान्वयनमा ल्याउन खोज्नुको उद्देश्य विद्युतीय कारोबारलाई प्रवर्द्धन गर्ने, हरेक वस्तु तथा सेवाको खरिदमा अनिवार्य रुपमा बिलबिजक जारी गर्ने र सबै व्यवसायलाई कर प्रणालीमा आबद्ध गराउनु रहेको उहाँको भनाइ छ।भ्याटमा दर्ता भएका करदाताले विद्युतीय प्रणालीबाट बिजक जारी गर्नुपर्ने व्यवस्था कार्यान्वयनका आएको पनि लामो समय भइसकेको छ। आन्तरिक राजश्व विभागले विद्युतीय बिजकसम्बन्धी कार्यविधि, २०७४ कार्यान्वयनमा छ। तर यसलाई अनिवार्य गर्न भने अझै सकिएको छैन।

विभागले अहिले विद्युतीय कारोबारमा भ्याट फिर्तासम्बन्धी व्यवस्था कार्यान्वयनका लागि निश्चित शर्तसमेत तोकेको छ। भ्याटमा दर्ता भई विभागबाट स्वीकृत विद्युतीय बीजक जारी गर्ने करदाता यस प्रणालीमा आबद्ध हुन सक्नेछन्। त्यस्तै, डेबिट/क्रेडिट कार्ड, क्यूआर कोड, मोवाइल बैंकिङ जस्ता विद्युतीय भुक्तानीका उपकरणबाट भुक्तानी प्राप्त गर्ने बिक्रेताले भ्याटको १० प्रतिशत रकम उपभोक्ताको बैंक खातामा स्वचालित रुपमा फिर्ता गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

विभागमा सूचीकृत भएका विद्युतीय उपकरण तथा सफ्टवेयर आपूर्तिकर्ताले 'विद्युतीय माध्यमबाट भुक्तानी गर्ने उपभोक्तालाई मूल्य अभिवृद्धि कर फिर्ता दिने सम्बन्धी कार्यप्रक्रिया, २०७६' बमोजिम प्रणालीमा सामञ्जस्य हुनेगरी आफ्नो सफ्टवेयर परिमार्जन गर्नसमेत निर्देशन दिइएको छ। त्यस्तै, सबै बैंक तथा वित्तीय संस्था, भुक्तानी सेवा सञ्चालक तथा भुक्तानी सेवा प्रदायकले यो प्रणाली कार्यान्वयनमा सहजीकरण गर्नुपर्नेछ भने प्रणालीमा आबद्ध बिक्रेताले आफ्नो कारोबारस्थलमा विद्युतीय भुक्तानी गर्ने उपभोक्तालाई मूल्य अभिवृद्धि कर फिर्ता हुने सुविधा रहेको सूचना सार्बजनिक गर्नुपर्ने छ।रासस

# प्रतिनिधिसभाबाट नेपाल विश्वविद्यालय विधेयक पारित

काठमाण्डु। प्रतिनिधिसभाबाट नेपाल विश्वविद्यालय विधेयक पारित भएको छ। प्रतिनिधिसभाको सोमबारको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले प्रस्तुत गर्नुभएको 'नेपाल विश्वविद्यालय विधेयक, २०८१ लाई पारित गरियोस्' भन्ने प्रस्ताव बहुमतबाट पारित भएको हो।त्यसअघि मन्त्री भट्टराईले ' शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको प्रतिवेदनसहितको राष्ट्रियसभामा उत्पत्ति भएको नेपाल विश्वविद्यालय विधेयक, २०८० माथि छलफल गरियोस्' भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त प्रस्ताव सभाको सर्वसम्मतिबाट स्वीकृत भएको थियो।उक्त प्रस्ताव माथिको छलफलमा सांसद रघुजी पन्त, सुमना श्रेष्ठ, देवेन्द्र पौडेल, रोशन कार्की, प्रेम सुवाल, मनिष झा र चन्द्रकान्त भण्डारीले भाग लिनुभएको थियो।



उक्त विधेयकमाथिको छलफलमा उठेका प्रश्नका जवाफ दिँदै मन्त्री भट्टराईले उच्च शिक्षाको अध्ययन, अध्यापन तथा अनुसन्धानलाई गुणस्तरीय, जीवनोपयोगी, नवप्रवर्तनकारी तथा समयसापेक्षा बनाइ मुलुकको सर्वाङ्गीण विकासका लागि योगदान दिने उद्देश्यका साथ सो विधेयक अघि बढाएको स्पष्ट पार्नुभयो।सरकारले दक्ष, सिर्जनशील, उद्यमशील र प्रतिस्पर्धी मानवस्रोत उत्पादन गर्न गैरसरकारी क्षेत्रमा सार्वजनिक विश्वविद्यालय स्थापना र सञ्चालन गर्न आवश्यक ठानी सो विधेयक सङ्घीय संसद्मा पेस गरेको थियो।विसं २०७९ मङ्सिर २० गते दर्ता भएको सो विधेयक गत असार १८ गते राष्ट्रियसभाबाट पारित भएको थियो।

अन्तरविधात्मक अवधारणा (लिबरल आर्टस्) मा आधारित बहुविधागत गुणस्तरीय अध्ययन, अध्यापन र अनुसन्धानमार्फत दक्ष, सिर्जनशील र प्रतिस्पर्धी मानवस्रोतको उत्पादन गर्न मुनाफा वितरण नगर्ने गैरसरकारी क्षेत्रको विश्वविद्यालयका रुपमा उक्त संस्था स्थापना गर्न लागिएको विधेयकमा उल्लेखछ।विश्वविद्यालयलाईअङ्ग्रेजीमा 'नेपाल युनिभर्सिटी' भनिने र काठमाडौं उपत्यका बाहिर विश्विद्यालय र त्यसको केन्द्रीय कार्यालय रहने विधेयकमा व्यवस्था गरिएको छ।

विश्वविद्यालयमा संरक्षक, प्राज्ञिक र कार्यकारी परिषद् तथा अनुसन्धान केन्द्र, स्कूल र कलेजलगायत संरचनात्मक सङ्गठन तथा कुलपति, उपकुलपति, राजिष्ट्रार, डीन, निर्देशक र प्रिन्सिपल पदाधिकारी हुनेछन्।

संरक्षक परिषद्मा कुलपति अध्यक्ष, उपकुलपति, विश्वविद्यालय रहेको प्रदेशको प्रदेश सरकारले मनोनित गरेको शिक्षाविद् एकजना, विश्वविद्यालय रहेको स्थानीय तहको प्रमुख, शिक्षाविद् मध्येबाट एकजना र नेपालमा विश्वविद्यालय स्थापना वा सञ्चालनमा योगदान पुर्‍याएका प्राज्ञिक व्यक्तिमध्येबाट कम्तीमा दुई महिलासहित पाँच जना सदस्य रहने व्यवस्था विधेयकमा गरिएको छ।

यस्तै उद्योगपति, रोजगारदाता तथा किसानमध्येबाट दुईजना, विश्वविद्यालयलाई तोकिएको भन्दा बढी आर्थिक सहयोग उपलब्ध गराउने दाताहरु र सार्वजनिक प्रशासन, व्यवस्थापन, प्राज्ञिक अनुसन्धानका क्षेत्रमा योगदान गरेका वा नेपाल सरकारको सेवामा उच्च तहमा रही अनुभव प्राप्त व्यक्तिमध्येबाट एक जना सदस्य रहनेछन्।

राजिष्ट्रार सदस्यसचिव रहने व्यवस्था गरिएको छ।संरक्षक परिषद्मा रहेका शिक्षाविद्, नेपालमा विश्वविद्यालय स्थापना वा सञ्चालनमा योगदान पुर्‍याएका प्राज्ञिक व्यक्ति तथा सार्वजनिक प्रशासन, व्यवस्थापन, प्राज्ञिक अनुसन्धानका क्षेत्रमा योगदान गरेका वा नेपाल सरकारको सेवामा उच्च तहमा रही अनुभव प्राप्त व्यक्तिमध्येबाट कुलपति छनोट गर्ने व्यवस्था गरिएको छ। कुलपति विश्वविद्यालयका प्रमुख हुने र उनले विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षताा गर्ने व्यवस्था विधेयकमा गरिएको छ। कुलपतिको पदावधि चार वर्षको हुनेछ।

विधायन विधेयकसम्बन्धी समितिको प्रतिवेदन पेस

प्रतिनिधिसभामा विधायन विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८१ पेस भएको छ।रासस

# सशस्त्र सङ्घर्ष, शान्ति र मेलमिलाप नीतिका संस्थापक बिपीः महामन्त्री शर्मा

काठमाण्डु। नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले नेपालको राजनीतिमा सशस्त्र सङ्घर्ष र शान्ति, सहकार्य एवं मेलमिलाप नीतिका संस्थापकका रूपमा बिपी कोइराला स्थापित हुनुभएको बताउनुभएको छ।



प्रथम जननिर्वाचित प्रधानमन्त्री कोइरालाको एक सय ११औं जन्मजयन्तीका अवसरमा सोमबार नेपाली लेखक सङ्घ काठमाडौं शाखाले बिपी सङ्ग्रहालय सुन्दरीजलमा आयोजना गरेको साहित्यिक महोत्सव उद्घाटन समारोहमा उहाँले नेपाललाई लोकतान्त्रिक पद्धतिमा हिंडाएर विकसित देश बनाउन खेलेको भूमिकाले कांग्रेसमात्र नभई अन्य विचार राख्नेले पनि बिपीलाई सम्झिने गरेको बताउनुभयो। अहिलेको संसदीय लोकतान्त्रिक पद्धतिकै लागि बिपीले ठूलो त्याग गर्नुभएको महामन्त्री शर्माको भनाइ थियो।

"बिपी बहुआयामिक व्यक्तित्व हुनुहुन्थ्यो। तत्कालीन राजा महेन्द्रले नेपाली सेनाको शक्तिका भरमा बन्दी बनाएपछि राजनीतिक नभई साहित्यिक कृतिको रचना गरी नेपाली साहित्य क्षेत्रमा पनि महत्वपूर्ण भूमिका निर्बाह गर्नुभयो। राजनेता बन्न नीति, कर्म र त्याग चाहिन्छ भन्ने उदाहरण बन्न बिपी सफल हुनुभयो। त्यही कारण उहाँलाई नेपाली कांग्रेसमात्र नभई सबैले स्मररण र सम्मान गर्छन्", उहाँले भन्नुभयो। नेपालमा विकासको प्रारम्भिक खाका कोर्नुभएका बिपीले सोसलिस्ट इन्टरनेशनलको उपाध्यक्ष भएर विश्वमा नेपालको चिनारी बढाउनुभएको महामन्त्री शर्माले स्मरण गर्नुभयो। एकअर्को प्रसङ्गमा उहाँले प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपीदेखि हालसम्म कोही पनि पाँच वर्षसम्म नटिकेकाले अब सरकारको स्थिरताका लागि संविधान संशोधनलगायत विषयमा बहस गरिनुपर्नेमा जोड दिनुभयो।

प्राध्यापक कृष्ण खनालले बिपीले राजनीतिमा चिल्ला सुकिलाको हालीमुहाली हुन्नसक्ने भएकाले असल कार्यकर्ताले फेरि क्रान्ति गर्नुपर्छ भनेको स्मरण गर्नुहुँदै अहिले त्यस्तै अवस्था आएकाले सचेत हुन कांग्रेसका नेता कार्यकर्तालाई आग्रह गर्नुभयो। चेतनाको बिम्बका रूपमा बिपीले काम गर्नुभएको उल्लेख गर्नुहुँदै उहाँले बिपीले बसाल्नुभएको संस्कृतिबाट हाल कांग्रेस र कोइराला परिवार टाढिएको विश्लेषण सुनाउनुभयो। बिपीको जीवनबाट सिकेर कांग्रेसका नेता, कार्यकर्ता र शुभेच्छुक अघि बढ्न सक्नुपर्ने प्राध्यापक खनालको भनाइ थियो। बिपी जयन्तीका अवसरमा सोमबार सुन्दरीजलमा साहित्यिक महोत्वसवसँगै निःशुल्क स्वास्थ्य शिविर पनि आयोजना गरिएको आयोजक समितिले जनाएको छ। कार्यक्रममा कवि एवं कवयित्रीबाट काव्य पाठ गरिनुका साथै सांस्कृतिक कार्यक्रमसमेत गरिएको थियो।गोकर्णेश्वर नगरपालिकाको कार्यक्रमको संयोजन र बिपी सङ्ग्रहालय समितिको सहयोगमा कार्यक्रम सम्पन्न गरिएको शाखाका उपाध्यक्ष विमुन्स पौडेलले जानकारी दिनुभयो।रासस

# जनताका अपेक्षाअनुसार काम गर्न नसक्नुको कारण आदर्श राजनीतिमा आएको ह्रास : राष्ट्रपति पौडेल

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले ऐतिहासिक राजनीतिक उपलब्धि हासिल गरेर पनि जनताका अपेक्षाअनुसार काम गर्न नसक्नु आदर्श राजनीतिमा आएको ह्रास भएको बताउनुभएको छ।



बिपी ट्रस्टद्वारा राष्ट्रपति भवन शीतल निवासमा सोमबार आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले भन्नुभयो, "ऐतिहासिक र गर्व गर्न लायक राजनीति उपलब्धि हासिल गरेर पनि जनताले अपेक्षा गरेअनुसार काम गर्न नसक्नुमा आदर्श राजनीतिमा आएको ह्रास हो भन्ने मलाई लागिरहेको छ।

सत्ता जनताको सेवा गर्ने राजनीतिक साधन हो साध्य होइन। तर कतै हामीले सत्तालाई साध्य मानेर आदर्श राजनीतिलाई टाढा राख्दा यस्तो भएको हो कि भन्ने पनि चिन्ता लागिरहेको छ।"

राष्ट्रपति पौडेलले सत्ता जनताको सेवा गर्ने राजनीतिक साधन मात्र भएको तर कतै हामीले सत्तालाई साध्य मानेर आदर्श राजनीतिलाई टाढा राख्दा यस्तो भएको हो कि भन्ने आफूलाई चिन्ता लागिरहेको बताउनुभयो।

सिद्धान्तमा सम्झौता गरेको भए बिपी सायद जीवनकालभर सत्तामा रहिरहन सक्ने बताउँदै उहाँले बिपीले सत्ता होइन देश र जनताको हितका निम्ति सिद्धान्तप्रतिको निष्ठालाई कहिल्यै डगमगिन नदिएको स्मरण गर्नुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "सिद्धान्तप्रतिको सम्पूर्ण निष्ठा, नैतिक मूल्य, मान्यतासहितको आदर्श राजनीति तथा देश र जनताप्रतिको समर्पण बिपीका विशेषता हुन् जुन हाम्रा लागि सधैं प्रेरणाका रुपमा रहिरहनेछ।" राष्ट्रपति पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउँदै मुलुकलाई आर्थिकरूपमा समृद्ध बनाउन बिपीले अघि सार्नुभएको कल्याणकारी राज्यको अवधारणा सिद्धान्त, मूल्य मान्यता र उच्च नैतिक आर्दश राजनीति आज पनि उत्तिकै सान्दर्भिक रहेको स्पष्ट पार्नुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "उत्पादनमा वृद्धि, प्राथमिकता निर्धारणसहितको न्यायोचित वितरण र सामाजिक न्यायमा आधारित लोकतान्त्रिक समाजवादको सिद्धान्तको माध्यमबाटै १५ वर्षभित्रै सबै नेपाली परिवारलाई मध्यम वर्गीय हैसियतको बनाउन सकिने बिपीको व्यवहारिक र स्पष्ट ठोस दृष्टिकोण थियो। बिपीको त्यो दृष्टिकोण अहिले पनि उत्तिकै सान्दर्भिक छ भन्ने मलाइ लाग्दछ।"

स्वतन्त्रतालाई मानिसको अविच्छिन्न अधिकारका रुपमा स्थापित गरेर सामाजिक न्यायका आधारमा लोकतान्त्रिक शासन प्रणालीको माध्यमबाट मुलुकको आर्थिक र सामाजिक विकास गर्नुपर्छ भन्ने बिपीको दृढ मान्यता रहेको स्मरण गर्दै राष्ट्रपतिले भन्नुभयो, "राष्ट्रिय एकता र मेलमिलापबाटै मुलुकसामु देखापर्ने समस्याको समाधान खोज्नुपर्छ भन्ने उहाँको धारणालाई विभिन्न कालखण्डको आवश्यकताअनुसार समयसापेक्ष रूपमा ग्रहण गर्दै आज हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उपलब्धि हासिल गर्न सफल भएका छौं।"रासस

जनकपुरधाम उप–महानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
जनकपुरधाम, धनुषा, मधेश प्रदेश, नेपाल
(शिक्षा तथा खेलकुद विकास शाखा)


**सूचना ! सूचना !! सूचना !!!**

प्रकाशित मितिः– २०८१/०५/२५

जिल्ला धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा नं. १६ मा संचालित विद्यालय साइनिङ्ग स्टार ई.बो.स्कूल हाल ठाउँ सारी भई जिल्ला धनुषा सबैला नगरपालिका वडा नं. ३ मा जान त्यस विद्यालयको संस्थापक जि.ध. भरतपुर वडा नं. २ बस्ने असर्फी मण्डल केवटको छोरा मदन मण्डलले ठाउँ सारीको लागि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त संस्था संग कुनै संस्था वा व्यक्तिको हक दावी तथा विरोध भए यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस उपमहानगरपालिकामा प्रमाण सहितको निवेदन पेश गर्न यो सूचना प्रकाशन गरी दिन हुन अनुरोध छ।

नि. प्रमुख प्रशासकीय अधिकृत





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कुशल नेतृत्व छनोट गर

जनकपुरधाम उद्योग वाणिज्य संघको नयाँ नेतृत्व चयनका लागि भदौं २९ गते मतदान हुने भएको छ । उम्मेदवारहरु चुनाव प्रचारप्रसारमा जोडतोडले लागेका छन् । अध्यक्ष पदका लागि तीन जना उम्मेदवार छन् । तीनै जना क्षमतावान, अनुभवी र संघको विभिन्न पदमा रहेर काम गरिसकेका व्यक्तित्व हुन् । राजनीतिक आस्था र जातिगत संकीर्णताभन्दा माथि उठेर उम्मेदवारहरुले उद्योगी, व्यवसायीहरुको समस्या, समाधान र उनीहरुको सम्मानलाई चुनावी मुद्दा बनाएका छन् । तर चुनावमा राजनीतिक दलहरुले पनि चासो लिएका छन् । आन्तरिक रुपमा उनीहरुले उम्मेदवारको नाम पार्टी समर्थित व्यवसायीहरुमा जारी गरिसकेका छन् । मुख्य रुपमा नेपाली कांग्रेस र नेकपा एमालेले संघको चुनावलाई अत्यन्तै महत्वका साथ लिएका छन् । अन्य राजनीतिक दलहरुले चुनावलाई प्रतिष्ठासित जोडेको छैनन् । जनकपुरधाम मधेश प्रदेशको राजधानी हो । विगतको भन्दा उद्योग वाणिज्य संघको आकार पनि खुम्चिएको छ । यस पटक जनकपुरधाम उद्योग वाणिज्य संघका मतदाता उपमहानगर क्षेत्रको उद्योगी , व्यवसायीहरु मात्र छन् । विगतमा धनुषा जिल्लाभरिका मतदाताहरु रहने गरेका थिए । क्षेत्र खुम्चिए पनि संघको चुनावको महत्वमा भने कमी आएको छैन । उद्योग वाणिज्य संघका पदाधिकारीहरुको व्यक्तित्व विकास र सम्मान दुवै मिल्ने गरेको छ । हुन त केही वर्षदेखि जनकपुरधाम उद्योग वाणिज्य महासंघको गरिमा निकै घटेको छ । क्लव जस्तो चन्दामुखी बनेको उद्योग वाणिज्य संघले नेता र विभिन्न तहका सरकारबाट बजेट समेत लिन थालेको छ । यो उद्योगी ,व्यवसायीहरुको संस्थाले गर्ने काम हुँदै होइन । उद्योग वाणिज्य संघले चन्दा दिने, समाजिक, सांस्कृतिक, धार्मिक क्षेत्रमा उल्लेख्य लगानी गर्ने प्रमुख संस्था हुनुपर्छ । उद्योग, वाणिज्य संघका सदस्यहरु समृद्ध र सम्पन्न रहेकाले समाजिक , सांस्कृतिक, धार्मिक क्षेत्रमा लगानीका लीग उनीहरुलाई प्रेरित गर्ने काम संघका पदाधिकारीहरुले गर्न सकेका छैनन् । दलालीमुखी प्रवृतिलाई त्याग गर्नुपर्छ । उद्योग वाणिज्य संघको गरिमा उच्च रहे मात्र उद्योगी, व्यवसायीहरुले सम्मान पाउने छन् । पदाधिकारीहरुले विगतमा स्थापित संघको मर्यादालाई कायम गर्ने प्रतिबद्धता जनाउनु पर्छ । उद्योगी व्यवसायी मतदाताहरुले नेतृत्वको छनोट गर्दा क्षमतावानहरु मध्येबाट उत्कृष्ट व्यक्तित्वलाई निर्वाचित गराउनु पर्छ । चुनावको बेला दबाब र प्रभावमा पर्ने र पछि पछुतो गर्ने होइन । समयमा कठोर भएर ठोस निर्णय लिनुपर्छ । सबै राम्रा मध्ये सबैभन्दा राम्रालाई चयन गर्नुपर्छ । उद्योगी व्यवसायीहरुले कुशल नेतृत्व चयन गरी मधेश प्रदेशको राजधानी जनकपुरधामको समेत सम्मान बढ्ने गरी उद्योग वाणिज्य संघको नेतृत्व चयन गर्न आवश्यक छ ।

# माओवादी केन्द्रका नयाँ चुनौतीहरु



**रोशन जनकपुरी**

सत्ताबाट बाहिरिएपछि माओवादी केन्द्र अहिले संगठन सुदृढिकरण अभियानमा लागेको देखिन्छ । यस क्रममा पार्टीको परामर्श बैठक चलीरहेको छ । पार्टी अध्यक्ष प्रचण्ड आफै उपस्थित भएर बैठकमा नेता र कार्यकर्ताहरुको धारणा सुनिरहेका छन् र जवाफ दिने गरेका छन् । कोशीप्रदेशमा यस हप्ता आइतवारदेखी दुईदिने परामर्श बैठक शुरु भएको छ । यी परामर्श बैठकहरुमा सहभागी नेताहरुले राखेको धारणाहरुमा प्रचण्डले पार्टीलाई खल्तीको पार्टी बनाउन नहुने, पार्टीमा जनवादी अभ्यासमा कमी, विचारमा विकास गर्नुपर्ने, जनतामा फर्कनु पर्ने र आगामी चुनाव एक्लै लडनुपर्ने जस्ता विषयहरु मूख्यरुपमा उठ्ने गरेका छन् ।

केही वर्षदेखी माके अध्यक्ष प्रचण्डको नेतृत्वप्रति आलोचना बढदै गएको देखिन्छ । प्रचण्डपक्षीयहरुले यसलाई प्रचण्डविरोधी गुटको गुटीय स्वार्थ भन्छन् भने अन्यले यसलाई पार्टी हितमा र नयाँ स्थितिमा नयाँ नेतृत्वको आवश्यकता भन्ने गरेका छन् । यद्यपि अहिले प्रत्यक्षमा प्रचण्डको नेतृत्वलाई खुला चुनौती दिने हैसियतमा कोही देखिँदैनन् । कोशीमा बसीरहेको बैठकमा उठेका विषयहरु बारे मिडियामा आएको खबरहरुमा समेत सहभागीहरुले प्रचण्डको आलोचना गरेपनि 'हाल उनको नेतृत्वको आवश्यकता रहेको' भन्ने वाक्यांश थप्न छाडेका छैनन् । कोशीपछि मधेशप्रदेशमा बैठक हुनेछ । यहाँपनि पार्टी र नेतृत्वप्रतिको धारणा पुरानैको निरन्तरता हुने सम्भावना छ ।

देशमा गणतन्त्र स्थापनापछिको अठारवर्षमा हालसम्म बनेका गठबन्धन सरकारहरुमा अधिकांशमा माओवादी केन्द्र मूख्य घटकको रुपमा सामेल रहेको छ । सरकारमा प्रायः नेतृत्वकारी भूमिकामा नै रहने गरेको माओवादी केन्द्र हमेशा गठबन्धनका घटक दलहरुसंग सन्तुलन मिलाएर आफ्नो नेतृत्वमा सरकार कसरी चलाउन सकिन्छ भन्ने ध्याउन्नमा नै बढी अल्भिmरहेको देखिन्छ । यसले पार्टीभित्र वैचारिकता गौण र सत्ता प्रवृत्ति मूख्य देखिन थालेको हो ।

माओवादी केन्द्रको राजनीतिक विरासत दसवर्षे जनयुद्धसंग जोडेर हेर्ने हो माओवादी कान्तिकारी वैचारिकतामा रहेर राजनीतिक आर्थिक र सामाजिक परिवर्तन यस्को मूख्य दिशा हुनुपर्ने हो । तर अहिलेको माओवादी केन्द्रको दस्तावेजहरु हेर्दा माओवादी केन्द्रमा वैचारिकसंकट गम्भीररुपमा देखिन्छ । पार्टीको नाम माओवादी केन्द्र भएपनि यस्का वैचारिकतामा माओवाद अब पार्टीको निर्देशक सिद्धान्तमा छैन । एघारवर्ष पहिले वि.स. २०६९सालमा हेटौंडामा सम्पन्न सातौं महाधिवेशनमा माओवादी केन्द्र (तत्कालीन नाम एकीकृत नेकपा माओवादी)ले माओवादी वैचारिकताको 'नयाँ जनवादी राज्य'को धारणाबाट 'लोकतान्त्रिक समाजवाद'मा 'सिफ्ट' गऱ्यो । शुरुमा माओवादी केन्द्रका नेताहरुले यसलाई नयाँ विचारको विकास भने । केही नेताहरुले यसलाई लेनिनको समाजवादी धारणामा समयानुकूल परिमार्जनपनि भने । तर हेटौंडा महाधिवेशनपछि बितेको एघारवर्षको समीक्षा गर्ने हो भने माओवादी केन्द्रको सांगठनिक पंक्ति लथालिङ्ग भएको देखिन्छ । यस अवधिमा पार्टीले जनयुद्धमा कायम गरेको जनवादी विशिष्ट परिचय गुमाएको र सामान्य चुनावीपार्टीमा परिवर्तित भएको देखिन्छ । पार्टी लेनिनको समाजवादी क्रान्तिकारी (रिभोल्युसनरी) धारणाभन्दापनि एडबर्ड बर्न्सीटनको सुधारवादी (इभोल्युसनरी) धारणा नजिक पुगेको देखिन्छ । पार्टीले लिएको कानूनी र सुधारात्मक बाटोबाट समाजवादमा पुग्ने संशोधनवादी धारणा यसैको परिणाम हो । यस धारणाले पार्टीलाई तीव्रगतिमा संसदिय चरित्रको पार्टीमा रुपान्तरित गरेको माओवादी केन्द्रकै कैयौं नेताहरुले भन्ने र स्वीकार्ने गरेका छन् ।

दशवर्षे जनयुद्धले माओवादी राजनीतिप्रति गरिब र उत्पीडित समुदायबीच निकटता र विश्वास उत्पन्न गरेको थियो । तर जनयुद्ध र जनसंघर्षबाट स्थापित माओवादी केन्द्र जनताका सरोकारको विषयमा संघर्षको बाटोबाट टाढिदै गएपछि जनविश्वास गुम्दै गएको स्थिति हो । गणतन्त्रको शुरुआतको बेला माओवादी पहिलो नम्बरका पार्टी थियो र हाल तेस्रो नम्बरमा छ, त्योपनि प्रतिनिधिसभाको कुल २०५मा प्रत्यक्ष र समानुपातिक गरि ३२वटा सीट सहित तेस्रो स्थानमा संघर्षरत् छ । जनयुद्धको माओवादी क्रान्तिकारी विरासतबाट सिफ्ट गरेर सुधारात्मक दिशा पक्रेर संसदिय राजनीतिमा अभ्यस्त हुन थालेको माओवादी केन्द्रको संकटको गम्भीरतालाई यस तथ्यले उजागर गर्छ । यस्ले पार्टीलाई नयाँ उँचाईमा पुऱ्याउने हेटौंडा महाधिवेशन र त्यसपछिका महाधिशेन र सम्मेलनहरुको उद्घोष उल्टो भइरहेको छ । यद्यपि माओवादी केन्द्र भित्रका कयौं सुधारवादी वैचारिक नेताहरुले यसै राजनीतिक लाइनलाई नै ठीक ठहऱ्याउँदै छन्, बरु यसभन्दापनि तल पार्टीलाई कम्युनिस्ट पार्टीबाट समाजवादी पार्टीमा लैजान जोड गरिरहेका छन् ।

गणतन्त्र स्थापनापछि एकता केन्द्र लगायत अन्य कम्युनिस्ट पार्टीहरुले माओवादी केन्द्रसंग एकता गरेको देखिन्छ । तरपनि पार्टीको स्थितिमा सुधार आएको छैन । बरु वैचारिक र सांगठनिक दुबै स्तरमा माओवादी केन्द्रमा अराजकता बढेको देखिन्छ । यस अर्थमा भन्नु पर्दा प्रचण्ड अध्यक्षको पदमा निरन्तर चुनौतीविहीन स्थितिमा रहेपनि पार्टीमा उनको प्रभाव र नियन्त्रण खुकुलो हुँदै गएको देखिन्छ । पार्टीभित्रका गुट, उपगुट, विविध वैचारिक समूहहरु र गैरजनवादी प्रवृत्तिको विकास यसैको परिणति हो ।

> देशमा गणतन्त्र स्थापनापछिको अठारवर्षमा हालसम्म बनेका गठबन्धन सरकारहरुमा अधिकांशमा माओवादी केन्द्र मूख्य घटकको रुपमा सामेल रहेको छ । सरकारमा प्राय: नेतृत्वकारी भूमिकामा नै रहने गरेको माओवादी केन्द्र हमेशा गठबन्धनका घटक दलहरुसंग सन्तुलन मिलाएर आफ्नो नेतृत्वमा सरकार कसरी चलाउन सकिन्छ भन्ने ध्याउन्नमा नै बढी अल्झिरहेको देखिन्छ ।

जनयुद्धकालमा पनि नेकपा (माओवादी) भित्र भिन्न वैचारिक बहसहरु थिए । तर सम्पूर्ण पार्टी एउटा क्रान्तिकारी जनसंघर्षको प्रवाहमा बगीरहेको हुनाले यी बहसहरु क्रान्तिकारी उद्देश्यमा बल पुऱ्याउने खाल हुने गर्थे । पार्टीभित्रको जनवादी केन्द्रियताको बलियो आधारले सबैलाई नियन्त्रित गरेको थियो । यस्मा जनयुद्धमा समाहित जनाधारले पनि नियन्त्रणकारी भूमिका खेलेको थियो । संसदीय राजनीतिमा प्रवेश गरेपनि माओवादी केन्द्रले गुमाएको सबैभन्दा मूल्यवान सम्पदा जनवादी नियन्त्रण र जनविश्वास नै हो । कुनैपनि पार्टीमा जनताको विश्वासको आधार पार्टीको राजनीतिक विचार, जनताको निम्ति इमान्दारीपूर्वक गर्ने संघर्ष, जनतालाई दिने सुरक्षा र जनताको दुःखसुखमा निरन्तर सामेल रहनु हो । तर संसदीय राजनीतिमा प्रवेश गरेपछि माओवादी केन्द्रको परिचय नेपाली काँग्रेस र एमाले जस्ता संसदिय पार्टीभन्दा भिन्न रहेन । उसको जनवादी क्रान्तिकारी चरित्र फेरिएर सामान्य चुनावी पार्टी जस्तो लफ्फाजी मात्र गर्ने पार्टी जस्तो भएको छ । नेपाली काँग्रेस र एमाले जस्ता पार्टीको निम्ति सुविधा के छ भने उनीहरु यस पुरानो सत्ताको व्यवस्था र संरचनामा पुराना स्थापित पार्टीहरु हुन् । कर्मचारीतन्त्र, न्याय, सेना, लगायत सत्तामा तलदेखी माथीसम्म प्रायः सबै अंगहरुमा विगतदेखी नै उनीहरुको वर्चस्व छ । माओवादी केन्द्र संसदिय राजनीतिमा आएपनि सत्ताका अंगहरुमा उसको वर्चस्व नेका र एमाले लगायतका पुराना राजनीतिक दलहरु भन्दा कम छ । माओवादी केन्द्रसंग जे जति जनमत छ, त्यो विगतको क्रान्तिकारी प्रभावबाट आर्जित नै हो । यस्तोमा उसले न त जनतालाई पूर्ण सुरक्षा दिन सकिरहेको छ, न जनताका दैनिक आवश्यकताका काममा पर्ने अप्ठ्यारोमा मद्दत गर्न सकिरहेको छ । जनयुद्धकालमा माओवादी जनताको दैनिक जीवनका कामहरुमा सहयोगी नरहेपनि उसले नयाँ जनवादी व्यवस्थाको निम्ति ज्यान अपर्ण गरेर लडेकोले जनताले उनीहरु माथी विश्वास गरेको थियो र संकट मोलेरपनि सहयोग गरेको थियो । उल्लेखनीय छ, जनयुद्धकालमा माआवादीलाई सहयोग गर्नेहरुमा गरिब, मजदूर-किसान र उत्पीडित वर्ग र समुदाय थिए । तर संसदिय राजनीतिमा प्रवेश गरेपछि माओवादी केन्द्रले न त जनताको दैनिक जीवनको आवश्यकतामा सहयोग गर्न सकेको छ, न त जनतालाई सुरक्षा नै दिन सकेको छ र न त जनसंघर्षमा छ । बरु पार्टी नेता र कार्यकर्तामा गैरजनवादी प्रवृत्तिहरु अचाक्लीरुपमा बढेका छन् । विशेष गरेर गरिब तबका जो जनयुद्धकालमा अन्य पार्टीहरुको आश्रय छाडेर माओवादीहरु निकट आएका थिए, माओवादी आन्दोलन छिन्नभिन्न भएपछि उनीहरुको विश्वास प्रभावित भएको छ । माओवादी केन्द्रले जनदिशा परिवर्तन गरेपछि, ती गरिब र उत्पीडित वर्ग र समुदाय जहाँबाट आएका थिए, आश्रय र सुरक्षाको खोजीमा उतै फर्किए । यो विश्वासभन्दापनि माओवादीबाट निराशाको परिणाम हो । सम्विधानसभाको पहिलो निर्वाचनमा माओवादीहरु पहिलो स्थानमा हुनु र त्यसपछि निरन्तर ह्रासोन्मुख अवस्थालाई विचार गरेपछि यस्को औचित्यता बुझ्न सकिन्छ ।

यस्तो किन भयो ? यस्को उपरी कारणहरु थुप्रै हुनसक्छन्, तर यस्को मूख्य कारण वैचारिक सिफ्ट नै हो । देश अहिलेपनि जनवादी समस्याहरुबाट गुज्रीरहेको छ । अहिलेपनि देशको अर्थराजनीतिक अवस्था दलालपूँजीवादीहरुको वर्चस्वमा नै छ । अहिलेपनि देशमा जातीय, धार्मिक, सांस्कृतिक र टुटपूँजिया चरित्र नै प्रमुख स्थानमा छन् । देशको सामाजिक संरचनामा सामन्तवादी सांस्कृतिकताले अहिलेपनि वर्चस्व जमाएको छ । राजनीतिक अर्थशास्त्रीय दृष्टिले यी सवाल र समस्याहरुलाई हल न गरी देशको समाजवादी निर्माण गर्छु भन्नु समस्यालाई यथावत राखेर अघि बढनु सरह हुनेछ । समाजवादी समाजको निर्माण भनेको सर्वहारा र समाजवादीशक्तिको वर्चस्व र नेतृत्वमा समाजलाई साम्यवादी दिशामा संक्रमित गर्नु हो । तर यहाँ त अहिले जनवादी सवाल नै मूख्य छन् । अहिले नेपालको राजनीतिमा लोकतन्त्रको रुपमा परिभाषित गरिने राज्यव्यवस्था दलालपूँजीवादी वर्गको वर्चस्वमा पूँजीवादी अधिनायकत्वको एउटा रुप हो । यसकारण अहिले जनवादी अर्थात देशमा विद्यमान जनवर्ग अर्थात उत्पीडित वर्ग र समुदायको वर्चस्वको लोकतन्त्र वा जनवाद स्थापना गर्नु नै प्रमुख लक्ष्य हुनु पर्छ । सरल भाषामा भन्ने हो भने अहिलेको पूँजीवादी अधिनायकत्वमा रहेको राज्य व्यवस्थालाई जनताका अधिनायकत्वको शासनमा बदल्नु नै मूख्य लक्ष्य हुनुपर्छ । लोकतन्त्र भनेको पनि त लोकको तन्त्र नै त हो । नयाँ जनवादी राज्यको धारणापनि यही हो ।


निश्चय नै यो विगतको दशवर्षको जनयुद्धको चरण होइन । यो फेरिएको समय हो । यसै कारण नयाँ जनवादी क्रान्तिको विचारमा नयाँ विकासको आवश्यकता छ । माओवादी केन्द्र समाजवादी तर्कको आधारमा जसरी अगाडी बढनुपर्ने राजनीतिक तर्कहरुमा अल्भ्mेको छ, त्यसले वर्तमानका ठोस परिस्थिति र चुनौतीहरुलाई उपेक्षा गरेर अगाडी बढनु हो । यसै कारण माओवादी केन्द्र न त नेका र एमाले जस्तो हुनसकेको छ, न त आफ्नो नयाँ बाटो विकास गर्नसकेको छ । यस वैचारिक उठापटकमा उसले एकातिर आफ्नो जनाधार गुमाउँदै गइरहेको छ र अर्कोतिर जनसंघर्षको दिशाबाटपनि टाढिँदै गइरहेको छ ।

वस्तुतः विश्व कम्युनिस्ट आन्दोलनमा बढदै गैरहेको गैर क्रान्तिकारी प्रवृत्ति र सर्वहारावर्गीय विचारको ठाउँमा मध्यवर्गीय बहसहरुले माओवादी केन्द्रका बौद्धिक नेताहरु प्रभावित हुँदै गएका छन् । यी गैर सर्वहारावादी बहसहरुले जोखिमबाट बच्ने र संशोधनवादी अवसरवादी दिशामा अग्रसर हुन सहजता निर्माण गर्छ । माओवादी केन्द्र यस्तै गैर वैचारिकताको शिकार भइरहेको छ । पार्टीभित्र भ्mाङ्गिएको गैरजनवादी प्रवृत्ति, कमजोर जनवादी केन्द्रियता, गुट उपगुट र निजीस्वार्थ तथा धनीहुने भ्रष्ट लालसाको बढदो चाहना तथा जनतामा बदनाम व्यक्तिहरुको पार्टीमा बढदो वर्चस्व, यसै गैर वैचारिकता तथा अनुपयुक्त वैचारिक दिशाको प्रभाव हो ।

इतिहासले माओवादी केन्द्रलाई अवसर दिएको छ । तर माओवादी केन्द्रको अहिलेको पहिलो गम्भीर चुनौती उसको वैचारिक परिचय बचाउनु नै हो । अहिले माओवादीशक्तिहरु कयौं टुक्रामा विभाजित छन् । तर जनताले माओवादी भनेर माओवादी केन्द्रलाई नै भनिरहेका छन् । तर माओवादी केन्द्र भने माओवादी विचारबाट सिफ्ट गरिसकेको छ । यसले दुविधाजनक स्थिति सृजना गरेको छ । जनताबीच रहेको यस विशिष्ट परिचय अनुसार माओवादी केन्द्रले आफूलाई नयाँ ढंगले संयोजित गर्न सके उसले जनता र संसद, दुबै ठाउँमा आफूलाई तिव्रतापूर्वक विकास गराउन सक्छ । यस्को अर्थ हो माओवादी केन्द्रले वैचारिकतामा नयाँ जनवादी विचारलाई नयाँ ढंगले विकास गराउनु, जनताका यथार्थ समस्याहरुको पहिचान गर्नु, सडकमा जनसरोकारका विषयमा पार्टीलाई इमान्दारीपूर्वक संघर्षमा उतार्नु, नयाँ जनवादी क्रान्तिकारी शक्तिहरुसंग तालमेल मिलाउनु, पार्टीभित्र जनवादी केन्द्रियतालाई दरोसंग स्थापित गर्नु, पार्टीको मूख्य नेतृत्व संसद भन्दापनि सामाजिक परिवर्तनको मार्क्सवादी राजनीतिमा सक्रिय हुनु, सामाजिक परिवर्तनको क्षेत्रलाई मूख्य र संसदलाई समग्र राजनीतिको एउटा हिस्सा मात्र मानेर समग्र क्रान्तिकारी राजनीतिको लक्ष्य अनुकूल उपयोग गर्नु ; समग्रमा जनवादी राजनीति हुँदै सर्वहारावादी क्रान्तिको दिशा अँगाल्नु नै अहिलेको सही दिशा हुनसक्छ । यस्को निम्ति माओवादी केन्द्रका मूख्य नेतृत्वले पार्टीमा वैचारिक र जनवादी चरित्रका उर्जावान नेता र कार्यकर्ताहरुको खोजी र प्रोत्साहन दिनु र नेतृत्वमा स्थापित गराउनसक्नु पर्छ । यस्को निम्ति आवश्यक परे पुराना नेतृत्वले ठाउँ छाडन तयारपनि हुनुपर्छ । तर पुरानाले ठाउँ छाडनुको कारण अग्रगामिता हुनुपर्छ भन्ने शर्त मूख्य हो । यस्को निर्क्यौल पार्टीले वैचारिकरुपमा सही दिशा पक्रेपछि मात्र सम्भव छ ।

माओवादी केन्द्र अहिले पार्टी निर्माणको निम्ति प्रयत्नशील छ, र उसको बाटोमा गम्भीर चुनौतीहरु छन् । उसको आरोह र अवरोह सही वैचारिकता र कार्यदिशामा निर्भर गर्छ । यस्तोमा उसका गतिविधिहरु र प्रवृत्तिहरु कुन दिशामा जान्छ, हेर्नु जिज्ञासापूर्ण छ ।

# बिपीको समाजवाद र आजको सान्दर्भिकता



**अर्जुन नरसिंह केसी**

नेपाली कांग्रेसको नीति स्थापनाकालदेखि नै समाजवादी राजनीतिक दर्शनबाट प्रेरित रह्यो । आर्थिक असमानताको अन्त्य, आर्थिक क्रान्ति तथा आत्मनिर्भर मुखी प्रगति, कृषिमा आधारित औद्योगिकीकरण र गरिबी उन्मूलन नेपाली कांग्रेसको अर्थतन्त्रको उद्देश्य हो । समाजवादबाट ओतप्रोत, सबै किसिमका दमन तथा शोषणबाट मुक्त नागरिकको उद्यम, सीप तथा रोजगारीमा आधारित र राज्यको संरक्षणात्मक वातावरण मातहत पूर्ण प्रतिस्पर्धामा सञ्चालित नियमित तथा अकुण्ठित बजारको भूमिका भएको अर्थतन्त्र नै नेपाली कांग्रेसको आर्थिक पक्षको ढाँचा हो ।

कृषि, जलस्रोत, पर्यटन र जडीबुटीको प्रचुर सम्भावना र समृद्धिका आधार हुन् भन्ने कांग्रेसको उम्याइ छ । आफैँसँग भएका जन, जल, जमिन, जङ्गल, जडीबुटी र सीपजस्ता आधाभूत साधन वा पदार्थबाट नेपालको दिगो विकासको गति अघि बढाइनुपर्छ भन्ने नेपाली कांग्रेसको मान्यता रहेको छ ।

योजनाबद्ध विकास गतिविधि, प्राकृतिक र मानव संसाधनको अधिकतम परिचालन, ग्रामीण अर्थतन्त्रको समानुपातिक विकास तथा त्यस निम्ति राष्ट्रिय बजेटमा प्राथमिकता, उपेक्षित वर्ग वा समुदाय एवं बेरोजगार वर्गको राज्यद्वारा संरक्षण गर्नुपर्छ भन्ने कुरालाई नेपाली कांग्रेसले आफ्नो आधारभूत आर्थिक नीति बनाएको छ । गरिब, उपेक्षित र सीमान्तीकृत क्षेत्र, वर्ग वा समुदायको न्यूनतम आयको सुनिश्चितता र सामाजिक न्याय तथा सुरक्षाको प्रत्याभूति राज्यले दिनुपर्ने कांग्रेसको अर्थनीतिको आधारभूत र अनिवार्य प्रतिबद्धता रहँदै आएको छ । निजी क्षेत्रको सशक्तीकरण कांग्रेस चाहन्छ, तर आवश्यकता पर्दा बजार हस्तक्षेप गर्नसक्ने सामर्थ्य, पूर्णप्रतिस्पर्धात्मक बजारलाई व्यवधान हाल्ने 'सिन्डिकेट'वादी वा कार्टलवादी सामूहिक एकाधिकारवादी बजार संयन्त्रको विरुद्धमा कांग्रेस रहेको छ ।

बिपी कोइरालाले नेपाली कांग्रेसले वरण गरेको प्रजातान्त्रिक समाजवादबारे धेरै व्याख्या गर्नुभएको छ । उहाँ भन्नुहुन्थ्यो, "हामीहरू समाजवादी हौँ । त्यसैले हामीहरू त्यस्तो व्यवस्था खडा गर्न चाहन्छौँ, जसले गरिबको हित गरोस् । नेपाल भन्ने बित्तिकै त्यो नेपाल गरिबको नेपाल हो । त्यो नेपाल गाउँको नेपाल हो । त्यो झुपडी र छाप्रोको नेपाल हो । नेपाल ठूला घर, महल र धनाढ्य मानिसहरूको नेपाल होइन । त्यसैले नेपालको उन्नति भनेको ठूलाठूला धनीहरूको उन्नति होइन । किसानको उन्नति गर्ने, मध्यम वर्गीय मानिसको उन्नति गर्ने, शिक्षक र कर्मचारीको उन्नति गर्न तथा जो सुकुम्वासी छन् उनीहरूको उन्नति गर्ने, यो हो विकास वा उन्नति भनेको समाजवादी दृष्टिकोण ।

उहाँको दृष्टिकोणमा समाजवाद भनेको केवल आर्थिक कार्यक्रम मात्र होइन, सामाजिक रूपान्तरण र न्यायपूर्ण समतामूलक समाजको स्थापना तथा सांस्कृतिक सुधार पनि हो । उत्पादन वृद्धि मात्र समाजवाद होइन, यो त पुँजीवादमा हुन्छ नै । उत्पादन वा उत्पादकत्वको वृद्धि मात्र आर्थिक विकासको पूर्णता पनि होइन, उत्पादनको न्यायोचित वितरण पनि आर्थिक पक्षको उत्तिकै जरुरी कुरा हो । नत्र धनी र गरिबका बीच ठूलो खाडल कायम रहिरहन्छ र त्यहीँबाट अन्याय, अशान्ति र अर्को द्वन्द्वको सुरुआत हुन्छ । अतः उत्पादनको न्यायोचित वितरण पद्धति हो समाजवाद । लोकतन्त्रले उत्पादन र उत्पादकत्व बढाउने वातावरण बनाउँछ/बनाउनुपर्छ, समाजवादले उत्पादनको न्यायोचित वितरणको बाटो बनाउँछ ।

समाजवाद विश्वव्यापी बौद्धिक आन्दोलनको परिचयात्मक शब्द हो । यस आन्दोलनको तात्पर्य समाजका आर्थिक सङ्गठनहरूले गरेका आर्थिक शोषण र त्यसबाट उत्पन्न सामाजिक विकृतिको अन्त्य गरी पूर्ण स्वतन्त्रताको वातावरणमा मानव विकासको मार्ग विस्तृत बनाउनु हो । समाजवादले समाजमा भएका असमानताको अन्त्य गरी समन्यायका आधारमा वितरण र अवसरलाई प्राथमिकता दिँदै सामाजिक परिवर्तन तथा रूपान्तरणका लागि वातावरण बनाउँछ । बिपीकै भाषामा भन्नुपर्दा, राजनीतिक र आर्थिक समानताको आन्दोलनका लागि प्रेरणा दिनु समाजवादको मुख्य लक्ष्य हो । समाजवादले राजनीतिक र आर्थिक पाटोलाई स्वीकार गर्छ ।

बिपीद्वारा प्रादुर्भाव नेपाली कांग्रेसको प्रजातान्त्रिक समाजवादले समाजका सबै वर्गको समान हक-अधिकार र विकासलाई सँगसँगै लगेको देखिन्छ । नेपालमा गाउँ नै गाउँ भएको र विभिन्न जातजाति बस्ने भएकाले ग्रामीण जनताका लागि लक्षित गरिएको विकास साँचो अर्थमा विकास हुन्छ । सहरको विकासमा मात्र जोड दिँदा वास्तविक समाजवाद अपनाएको मानिँदैन र त्यसलाई विकास पनि मानिँदैन । शिक्षा र स्वास्थ्यसेवा क्षेत्रमा निजी क्षेत्रको एकाधिकार र राज्यको भूमिकाहीनतालाई समाजवादले स्वीकार गर्दैन । शिक्षित र स्वस्थ नागरिकको सुनिश्चितता कांग्रेसको समाजवाद हो । यी दुवै सेवामा राज्यले आफ्नो यथेष्ट बजेट विनियोजन गर्नाका साथै नागरिकलाई मुनाफारहित सेवा दिनुपर्छ । एक अर्थमा समाजवाद सामाजिक समुदायहरुबीच राष्ट्रियस्तरबाट सुखदुःख भाग लगाउने राजनीतिक कला पनि हो । त्यसकारण समाजवाद विज्ञान र कला दुवै हो । यो नै दीर्घकालीन शान्ति, अन्तरजातीय सद्भाव र सामाजिक ऐक्यबद्धताको आधार हो र राष्ट्रिय एकताको आधारशिला पनि हो ।

विसं २०१२ माघ ९ देखि १२ गतेसम्म वीरगञ्जमा भएको नेपाली कांग्रेसको छैटौँ महाधिवेशनले सुवर्ण शमशेरलाई पार्टीको सभापतिमा निर्वाचित गऱ्यो । यसै अधिवेशनमा कांग्रेसले समाजवादको नीति अवलम्बन गरेको हो । कांग्रेसले वरण गरेको प्रजातान्त्रिक समाजवादको नीति र कार्यक्रममा राजनीतिक प्रणाली तथा आर्थिक नीतिका पक्षबारे स्पष्ट निर्णय लिइएको थियो । राजनीतिमा प्रजातान्त्रिक प्रणाली, आर्थिक ढाँचा समाजवादी प्रणालीको विकास, संसदीय प्रजातन्त्र तथा संसद्मार्फत जनताप्रति उत्तरदायी मन्त्रिमण्डलको ब्यवस्था, सर्वव्यापी वयस्क मताधिकार, एक सदनको संसद्, विकेन्द्रित प्रशासन, स्वतन्त्र न्याय विभाग, लिङ्ग, वर्ण एवं जाति निरपेक्ष राजनीतिक एवं नागरिक अधिकारको स्थापना, प्रजातन्त्रीय परम्पराको सुरक्षा, प्रमाणिक प्रशासक वर्गको जनसेवा आयोगद्वारा योग्यताका आधारमा नियुक्ति, हिसाब-किताबको निमित्त स्वतन्त्र महालेखा परीक्षक र शासनमा एकरूपता ल्याउन निमित्त राज्य (राजा रजौटा) हरूको उन्मूलन ।

आर्थिक नीतिमा, प्रजातान्त्रिक पद्धतिद्वारा समाजवादी अर्थ व्यवस्थाको स्थापना, सम्पूर्ण व्यवस्थाको राष्ट्रियकरण एवं विभिन्न उद्योगको एकीकरण, जमिनमा भएको सामन्तवादी अधिकारको उन्मूलन, क्षतिपूर्ति विना जङ्गलको राष्ट्रियकरण, बिर्ता होल्डिङको राष्ट्रियकरण, शिर र जिरायत जमिनको पुनः वितरण, जमिन्दारी प्रथाको उन्मूलन, सरकार तथा जमिन मालिकका बीच मध्यस्थविना तिरो बुझाउने व्यवस्थाको स्थापना, जमिनको सीमा निर्धारण र जमिनको चकलाबन्दी, समाजवादी कार्यक्रमअन्तर्गत निर्णय लिइएको थियो । कांग्रेसको दृष्टिमा पेटभरि खान पाइने आसाले मात्र दुनियाँमा कहीँ पनि आन्दोलन भएको छैन । आर्थिक पक्षबाहेक मानिस समानता र न्यायका लागि पनि लडिरहेको हुन्छ ।


समानता र न्यायको पक्षमा नेपाली कांग्रेसको मान्यतालाई लोकतान्त्रिक समाजवादले पूर्णता दिन्छ । लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष समानता र न्याय हो । लोकतन्त्रको अभिन्न अङ्ग हो समाजवाद । यो केवल प्रतीक होइन, नारा होइन । समाजवाद नेपाली कांग्रेसको प्रतिबद्धता हो, जसलाई प्रजातन्त्रको इन्जिनले गति दिन्छ । कृषिमा औद्योगिकीकरण, सेवाको औद्योगिकीकरण, सम्पूर्ण उत्पादन क्षेत्रको औद्योगिकीकरण प्रजातान्त्रिक समाजवादले खोजेको हुन्छ । लोकतन्त्रलाई समाजवादीकरण गर्न सकिएन भने त्यस्तो लोकतन्त्रले पनि अनेक अराजकता, असन्तुलन, विकृति र तानाशाह जन्माउने साधन बन्ने जोखिममा पर्न सक्छ । संविधानको मौलिक हकमा उल्लेख गरिएको शिक्षा, स्वास्थ्य र रोजगारको अधिकारलाई सुनिश्चित गरिएको छ तर यो विषय बिपीले उहिले नै परिकल्पना गर्नुभएको थियो । उहाँले भन्नुभएको थियो, "हरेक जनताको एउटा घर होस्, बालबच्चालाई विद्यालय पठाउने वातावरण होस्, बिरामी पर्दा औषधिमूलो गर्ने पैसा होस् अनि आफ्नो श्रम र सीपको उपयोग गर्न पाउनुपर्ने व्यवस्था । यसको सान्दर्भिकता र उपयोगिता अहिले पनि त्यत्तिकै छ ।

नेपालमा मात्र होइन, बिपी कोइरालाले दिनुभएको समाजवादका व्याख्यानलाई गम्भीरताका साथ हेरिने गर्दछ । कांग्रेसको समाजवादलाई बुझ्न बिपीका विचार हरुलाई बुझ्नुपर्छ । उहाँको विचारमा समाजवादमा जीवनका लागि साधन र पुँजीको माध्यमहरुको सञ्चालन एवं वितरण सबैका लागि समान हुनुपर्छ । आर्थिक समानतामा उत्पादनको वृद्धि अपेक्षित छ । समाजवादको आर्थिक धरातलमा मात्र राष्ट्रियताको अभिवृद्धि र प्रजातन्त्रको सुदृढीकरण सम्भव छ । समाजवाद कुनै कानुन होइन, आन्दोलन होइन, बरु यो एउटा सांस्कृतिक आन्दोलन हो ।

प्रजातन्त्रले राजनीतिक समानता स्थापित गर्छ र समाजवादले आर्थिक समानतालाई आश्वस्त पार्छ भन्ने उहाँको धारणा थियो । बिपीले समाजवाद र साम्यवादको फरकबारे स्पष्ट पार्दै भन्नुभएको छ, "समाजवाद भनेको साम्यवाद हो । त्यसमा प्रजातन्त्र थपिएको हुन्छ र साम्यवाद भनेको समाजवाद हो, त्यसमा प्रजातन्त्र झिकिएको हुन्छ । साम्यवादमा प्रजातन्त्र थपिदिएमा त्यो समाजवाद भयो । समाजवादबाट प्रजातन्त्र झिकिदियो भने त्यो साम्यवाद हो । प्रजातन्त्र र साम्यवाद पारस्परिक रुपमा विपरीत दर्शन भएकाले एकै ठाउँमा मिल्न नसक्ने स्पष्ट छ । त्यसैले उहाँको भनाइको मूल मर्म भनेको यी दुवै दर्शनका सकारात्मक पक्षलाई समेटेर लोकतान्त्रिक समाजवादको मध्यमार्गी बाटो अपनाउनु उपयुक्त हुनेछ ।

(नेपाली कांग्रेसका नेता केसीसँग गरिएको कुराकानीमा आधारित)रासस

# बिपीको चिन्तन अनुसरण गरी कांग्रेसलाई थप सुदृढ बनाउनुपर्छ : सभापति देउवा



काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका संस्थापक नेता बिपी कोइरालाको दर्शन, सोच र चिन्तनलाई पूर्णरुपले अनुसरण गरी पार्टीलाई अझ बढी सुदृढ बनाउनुपर्ने बताउनुभएको छ।

प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको१११औंजन्मजयन्तीका अवसरमा आज नेपाली लेखक सङ्घ काठमाडौं शाखाले बिपी सङ्ग्रहालय सुन्दरीजलमा आयोजना गरेको साहित्यिक महोत्सव उद्धाटन समारोहलाई सम्बोधन गर्नुहुँदै सभापति देउवाले बिपीले प्रजातन्त्रका लागि गर्नुभएको सङ्घर्षबाट पार्टीका नेता, कार्यकर्ता एवं शुभेच्छुकले प्रेरणा लिनुपर्ने बताउनुभयो।

बिपीले प्रजातन्त्र स्थापना एवं पुनःस्थापना, नेपालको दिगो विकास र नेपाली साहित्यमा पुऱ्याउनु भएको योगदानलाई देशव्यापीरुपमा प्रचारप्रसार गरी कांग्रेसलाई थप सशक्त बनाउने अभियानमा लाग्न सभापति देउवाले पार्टीका नेता, कार्यकर्तालाई निर्देशन दिनुभयो। बिपी कोइरालाको राष्ट्रिय एकता तथा मेलमिलापको नीति अहिले पनि उत्तिकै सान्दर्भिक रहेको उल्लेख गर्नुहुँदै उहाँले कांग्रेसले सधैँ सबै दलबीच मेलमिलापका लागि समन्वय गर्दै आएको बताउनुभयो।

बिपी कोइरालाको जन्म १९७१ भदौ २४ गते भएको थियो। जहानियाँ राणा शासनको विरोधमा उहाँका पिता कृष्णप्रसाद कोइरालाले गरिब किसानले पहिरेको कपडा राणा प्रधानमन्त्री चन्द्रशमशेरलाई पार्सल गरी पठाएपछि कोइराला परिवार भारत निर्वासनमा जानुपरेको थियो । बिपी बाल्यावस्थादेखि नै नेपालमा प्रजातन्त्र स्थापनाका लागि सक्रिय रहनुभएको थियो। विसं २०१५ को आमनिर्वाचनमा कांग्रेसले दुई तिहाइ बहुमत प्राप्त गरेपछि प्रथम जननिर्वाचित प्रधानमन्त्री बन्नुभएका कोइरालाले नेपालमा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद स्थापनाका लागि राजनीतिक नेतृत्व प्रदान गर्नुभयो । प्रधानमन्त्रित्वकालमा उहाँले बिर्ता उन्मूलन गरी 'जग्गा जोत्नेको हुनुपर्छ' भन्ने भूमिसुधार कार्यक्रम लागू गराउनुभयो।

विसं २०१७ पुस १ गते शाही नेपाली सेनाको शक्तिका भरमा जननिर्वाचित सरकार अपदस्त गरिएपछि कोइरालालगायत नेतालाई सिंहदरबारमा बन्दी बनाइएको थियो। एक महिनापछि सेनाको सुन्दरीजल आर्सनलका प्रमुखको सरकारी निवासलाई वरिपरि पर्खालले घेरेर नेता कोइराला, संसद्का प्रथम सभामुख कृष्णप्रसाद भट्टराई, नेता गणेशमान सिंहलगायत मन्त्रीलाई सुन्दरीजल बन्दी गृहमा सारिएको थियो । विसं २०२५ मा स्वास्थ्यपरीक्षणका लागि जेल मुक्त हुनुभएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बिताउनुभयो। भारतमा निर्वासित भएर प्रजातन्त्र पुनःस्थापनाका पक्षमा सङ्घर्ष गर्दा राष्ट्रियता कमजोर भएको विश्लेषण गरी आठ वटा ज्यान मुद्दाको पर्वाह नगरी उहाँ २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्कनुभयो । उहाँले अपनाएको मेलमिलापको नीति आज पनि मुलुकको राजनीतिमा उत्तिकै सान्दर्भिक मानिन्छ।

मेलमिलापको नीति लिएर नेपाल फर्किएपछि नै बहुदल वा सुधारिएको पञ्चायत भन्ने विकल्पमा जनमत सङ्ग्रहको वातावरण बन्यो । धाँधली गरेर बहुदललाई हराएको भनी देशव्यापी गुनासो भए पनि बिपीले निर्वाचन परिणामलाई स्वीकार गर्नुभयो । क्यान्सर रोगबाट बिपीको २०३९ साउन ६ गते निधन भएको थियो। बिपीको निधनपछि कांग्रेस र यसका भ्रातृ एवं शुभेच्छुक संस्थाले साउन ६ गते स्मृति दिवस र भदौ २४ गते जन्मजयन्ती मनाउँदै आएका छन् । यसैगरी बिपीले राष्टिय एकता तथा मेलमिलापको नीति लिई २०३३ पुस १६ गते भारत निर्वासन त्यागी नेपाल फर्कनुभएको सम्झनामा मेलमिलाप दिवससमेत मनाउने गरिन्छ।रासस

# सुरक्षित यात्रा र महँगी नियन्त्रणका लागि सांसदद्वारा सरकारको ध्यानाकर्षण



काठमाण्डु । सांसदहरुले नजिकिँदै गएको चाडपर्वमा सुरक्षित यातायात सेवा र महँगी नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराएका छन्। प्रतिनिधिसभाको सोमबारको बैठकमा शून्य समयमा सांसद बिजुला रायमाझीले आउँदै गरेको चाड दसैंमा काठमाडौं उपत्यकाबाट लाखौंको संख्यामा नागरिक बाहिरिने भन्दै लामो दूरीको यात्रा सुरक्षित बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

उहाँले सवारी दुर्घटनाको जोखिम न्यूनीकरणका लागि सडक मर्मत र सम्भार गर्न माग गर्नुभयो । "मनसुनका कारण पहाडका सडक क्षतविक्षत् छन। लामा दूरीका सडक जस्तै मुग्लिन-नारायणगढ, नारायणगढ-बुटवल खण्ड अत्यन्त जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ", सांसद रायमाझीले भन्नुभयो, "उक्त सडक खण्डमा सामान्य समयमा पनि लामो समय जाममा बस्नुपर्ने बाध्यता छ। अब दसैंका समयमा काठमाडौंबाट बाहिरने यात्रु यही सडकमा हिँड्दा अवस्था के होला ?"

यस्तै, अर्का सांसद रामकृष्ण यादवले चाडपर्व नजिकिँदै गर्दा अहिल्यै दैनिक उपभोग्य खाद्यन्नको मूल्य वृद्धि हुन राम्रो सङ्केत नभएको बताउनुभयो। उहाँले अत्यावश्यक सेवा तथा उपभोग्य वस्तुको महँगी नियन्त्रणका लागि सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो । "चाडपर्व लक्षित कालोबजारी र कृत्रिम अभावको नियन्त्रण गर्न आग्रह गर्छु", सांसद यादवले भन्नुभयो ।शून्य समयमा बोल्दै सांसद रेखा शर्माले पनि चाडपर्वको समयमा सडकको स्तरोउन्नति नहुँदा सडक दुर्घटना बढनेप्रति सचेत गराउनुभयो । उहाँले बुटवल-नारायणगढ सडक पुनःनिर्माणमा भइरहेको ढिलाइप्रति ध्यानाकर्षण गराउँदै चाडपर्व लक्षित गरेर उक्त सडक तत्काल मर्मतसम्भार गर्न माग गर्नुभयो।

सांसदहरु रोशन कार्की र रुक्मणी राना बराइलीले दसैंको मुखमा खाद्यान्नको मूल्यवृद्धि र अभावले आम नागरिकलाई चाडपर्वप्रतिको मनोविज्ञानमा डर पैदा गरेको गुनासो गर्नुभयो। उहाँहरुले बजारको अनुगमनसँगै सडक सुरक्षाका लागि आवश्यक सबै प्रकारको तयारी थाल्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सभाको शून्य समयमा सांसदहरुले सर्वोच्च अदातले काठमाडौं उपत्यकाको बागमतीसहितका नदी किनारामा निर्माण निषेधित क्षेत्र तोक्ने मापदण्डसम्बन्धी फैसलाप्रति असन्तुष्टिसमेत व्यक्त गर्नुभएको छ।

बागमतीसहितका नदी किनारामा २० मिटर खाली छाड्नुपर्ने फैसलाले धेरै घरपरिवार प्रभावित हुने भन्दै सांसद रामहरि खतिवडाले उक्त फैसलामाथि सरकारले छिट्टै पुनरावलोकन (भ्याकेट) को मा जान माग गर्नुभयो । "सर्वोच्च अदालतको फैसलाका कारण उपत्यकावासी जो नदी किनारामा बसोबास गरिरहेका छन्, उनीहरुको उठिबास हुने भएको छ। सरकारले भ्याकेटमा भएर जनतालाई सहज हुने काम गर्नुपर्छ", सांसद खतिवडाले भन्नुभयो । सांसद खतिवडासँगै अर्का सांसद मेटमणि चौधरीले पनि उक्त फैसलाको भ्याकेटमा जान माग गर्नुभयो।

शून्य समयमा सांसद लालप्रसाद सावा लिम्बूले लालपुर्जा वितरणमा भइरहेको ढिलाइप्रति ध्यानाकर्षण गराउनुभयो। उहाँले सरकारको लक्ष्यका बाबजुद पनि ठोस उपलब्धि हासिल नभएको भन्दै अधिकार सम्पन्न आयोग गठन गर्न माग गर्नुभयो । "१८ वटा भूमि आयोग गठन र विघटन भए तापनि १३ लाख भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुले लालपुर्जा प्राप्त गर्न सकेका छैनन्", सांसद लिम्बूले भन्नुभयो।सांसद भगवती चौधरीले मोरङ, सुनसरीस्थित बूढीखोला करिडोर योजना निर्माण अलपत्र परेको बताउनुभयो। यस्तै, सांसद भीमप्रसाद आचार्यले इनरुवा क्षेत्रको सडक निर्माणलाई तीव्रता दिन ध्यानाकर्षण गराउनुभयो । सांसद मनिष झाले धनुषा जिल्लामा पर्यटनको सम्भावनाका विषय उल्लेख गर्दै अध्यागमन कार्यालय र इलाका प्रशासन कार्यालयको यथाशीघ्र व्यवस्थापनको माग गर्नुभयो ।सांसद माधव सापकोटाले दोलालघाटदेखि तातोपानीको सडक मर्मत एवं स्तरोन्नतिका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद मीना तामाङले आकस्मिक, शून्य र विशेष समयमा सदनमा उठेको कुराप्रति सरकार जवाफदेही हुनुपर्ने सुझाब दिनुभयो । सांसद मङ्गलप्रसाद गुप्ताले भारतीय पर्यटकको सवारी साधानमाथि लाग्ने कर वृद्धिले पर्यटकलाई हतोत्साहित गरेको बताउनुभयो । सांसद रणकुमारी बलम्पाकी मगरले मुलुकको समृद्धिका लागि सकारात्मक प्रयास र उदाहरण छायाँमा परेको गुनासो गर्नुभयो । सांसद रणेन्द्र बरालीले सत्तापक्ष र प्रतिपक्षबीच मुलुक निर्माणका लागि एक हुन सुझाव दिनुभयो । सांसद रेखा यादवले खेलाडीप्रति सरकारले लगानी बढाउन जोड दिनुभयो।

सांसद लक्ष्मी तिवरीले मङ्की पक्सबारे सतर्कता अपनाउन देशका विभिन्न सीमामा विशेष सुरक्षा र स्वास्थ्य सतर्कता अपनाउन सचेत गराउनुभयो।

सांसद मुक्ताकुमारी यादव, सांसद मेनकाकुमारी पोखरेल, रमा कोइराला पौडेल र राजेन्द्र बजगाईँले मुलुकको समग्र विकास एवं समृद्धिका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । शून्य समयमा नेपाली कांग्रेसका सांसदहरुले बिपी कोइरालाको जन्मजयन्तीका अवसरमा उहाँको स्मरणसमेत गर्नुभयो ।रासस

# 'तटीय क्षेत्रसम्बन्धी फैसलाको पुनरावलोकनमा जान विलम्ब नगरौं'



काठमाण्डु । नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले काठमाडौं उपत्यकाका नदी तटीय क्षेत्रसम्बन्धी सर्वोच्च अदालतको फैसलाको पुनरावलोकनमा जान विलम्ब नगर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकको विशेष समयमा बोल्दै सांसद केसीले निर्धारित मापदण्डबाहेक नै थप २०/२० मिटर तटीय क्षेत्र छाडेर मात्रै निर्माण अनुमति दिने आदेशले खोला किनाराका लाखौं जनताको विचल्ली हुने अवस्था देखिएको बताउनुभयो। "सरकारले २०६५ मङ्सिर १ गते निर्धारित मापदण्डबाहेक सबै नदीखोलामा दायाँबायाँ न्यूनतम् २०/२० मिटर तटीय क्षेत्र छाडेर मात्र निर्माण अनुमति दिने आदेश व्यवहारिक, न्यायाचित र वस्तुपरक छैन। लाखौं जनताको विचल्ली हुने अवस्था छ", उहाँले भन्नुभयो, "सरकारले तोकेको मापदण्डअनुसार थोरै जग्गा किनेर बसोबास गरिरहेका जनतामाथि अन्याय हुन्छ । यस फैसलाको कार्यान्वयनबाट पर्न सक्ने सम्भावित प्रभाव रोक्न तत्काल कानुनी उपाय खोजिनुपर्छ।"

नागरिकको जग्गा सरकारले अधिग्रहण गर्दा आवश्यक मुआब्जा दिनुपर्ने सर्वोच्चको फैसला भए पनि मुआब्जा दिन सकिने अवस्था नरहेको सांसद केसीले उल्लेख गर्नुभयो । अझै पनि उपत्यकाका कतिपय खोलाकिनाराका जनताले मुआब्जा पाउन नसकेका उहाँको भनाइ थियो।

"नदी तटीय क्षेत्रका जनतालाई न्याय दिन सरकारले तत्कालै पुनरावलोकनका निम्ति जानु पर्छ", उहाँले भन्नुभयो । सांसद केसीले अदालतको फैसला धेरै पक्षमा सकारात्मक, न्यायोचित र स्वागतयोग्य रहेपनि तर तटीय क्षेत्र र मापदण्ड निर्णयबारे असहमति व्यक्त गर्नुभयो । उहाँले लामो समयको अध्ययन, बौद्धिक अनुसन्धान र छलफल, वर्तमान वस्तुगत परिवेशलाई दृष्टिगत गरी तटीय सौन्दर्य, हरित क्षेत्रको घोषणा, प्रदूषण नियन्त्रण तथा अतिक्रमण रोक्ने निर्णय उक्त फैसलाको सकारात्मक पक्ष र सरकारका निम्ति मार्गनिर्देश भएको बताउनुभयो।

मानव सभ्यता र नदी सभ्यता एकअर्काका परिपुरक भएको उल्लेख गर्दै सांसद केसीले भन्नुभयो, "नदी जलप्रवाह मात्र होइन, सभ्यता पनि हो, नदीको बर्वादी त्यसको तट्मा टिकेको सम्यता र संस्कृतिको पनि बर्वादी हो, नदीको शुद्धीकरण र राज्य तथा नागरिकको दायित्व हो। उपत्यकाका नदीमात्र होइनन, देशभरका नदी तटीय क्षेत्रका शुद्धीकरण र व्यवस्थापनको निम्ति नयाँ दृष्टिकोण लिनु आवश्यक छ।"रासस

# 'सहरी विकासका लागि आवश्यक ऐन बनाउन सरकार सकारात्मक छ'



काठमाण्डु । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले सहरी क्षेत्रको विकासका लागि आवश्यक ऐन बनाउने विषयमा सरकार सकारात्मक रहेको बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) सहरी विकास विभागको नौ बुँदे ज्ञापनपत्र बुझ्दै उपप्रधानमन्त्री सिंहले आवश्यक ऐन निर्माण गरी कार्यान्वयन गरिने प्रतिबद्धता जनाउनुभयो । समय परिवर्तन भएसँगै कतिपय पुराना ऐनहरु कायम रहेका भन्दै अब समयानुकूल ऐन बनाउने विषयमा सरकारले योजनाबद्ध रुपमा काम गरिरहेको उहाँले बताउनुभयो।

"म आइसकेपछि विकास निर्माणलाई गति दिन आवश्यक ऐन बनाउने विषयमा छलफल गरिरहेको छु", उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "ऐन बनाउने काम भए पनि कार्यान्वयनमा जान सकिएको छैन।" उहाँले सहरी विकास ऐन ल्याउने गरी मन्त्रालयले तयारी गरिरहेको जानकारी गराउनुभयो।

उपप्रधानमन्त्री सिंहले गाउँमा पूर्वाधारको विकास भइरहेका उल्लेख गर्दै मानिस सहर केन्द्रित भएकाले क्रमलाई रोक्न मन्त्रालयले योजनाबद्ध रुपमा काम गरिरहेको बताउनुभयो । गाउँमा शिक्षा, स्वास्थ्य, पूर्वाधार विकासलगायत क्षेत्रमा सुधार गर्दै कृषि उत्पादनको बजारीकरणमा सरकार केन्द्रित रहेको उहाँको भनाइ छ ।अहिले कांग्रेस र एमालेको संयुक्त सरकार बनेको भन्दै सहरी विकासका लागि सबैसँग सहकार्य गरेर अघि बढ्ने सहरी विकासमन्त्री सिंहले बताउनुभयो। एमाले सहरी विकास विभागले दिएको सुझावलाई अध्ययन गरेर गर्नसक्ने काम सरकारले गर्ने प्रतिबद्धता उहाँले जनाउनुभयो।

एमाले सहरी विकास विभागका प्रमुख शेरबहादुर तामाङले सर्वोच्च अदालतको परमादेशले छ लाख नागरिक विस्थापित गर्ने अवस्था आएको भन्दै प्रकृतिको सन्तुलनलाई ख्याल गरी नागरिक विस्थापन नहुने मापदण्ड निर्धारण गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले विद्यमान मापदण्डको पुनरावलोकन गर्नुपर्ने भन्दै सोका लागि कानुनी प्रबन्ध गर्न सरकार र मन्त्रीको ध्यानाकर्षण गराउनुभयो।

विभागले बुझाएको नौ बुँदे ज्ञापनपत्रमा सहरी विकास नीति २०८०, एकीकृत सहरी विकास ऐन, काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन र फोहरमैला व्यवस्थापन ऐन परिमार्जन गर्नुपर्ने उल्लेख छ । त्यस्तै, सर्वोच्च अदालतको काठमाडौं उपत्यकाभित्रका नदी किनारमा २० मिटरको मापदण्डका सन्दर्भमा भएको परमादेशको पुनरावलोकनका लागि कानुनी प्रबन्ध गर्न ध्यानाकर्षण गराइएको छ। सर्वोच्चको सो परमादेशबारे अध्ययन गर्न सहरी विकास मन्त्रालयका सहसचिव पदम मैनालीको संयोजकत्वमा बनेको कार्यदलले मङ्गलबार प्रतिवेदन बुझाउँदैछ ।रासस

# 'मुलुकमा स्थिरता कायम गर्न कांग्रेस-एमाले गठबन्धन भएको हो'

डडेल्धुरा। नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले मुलुकमा स्थिरता कायम गर्न संसद्का दुई ठूला दलबीच गठबन्धन भएको बताउनुभएको छ।

सोमबार नेपाल प्रेस युनियन डडेल्धुराले जिल्ला सदरमुकाममा आयोजना गरेको पत्रकार सम्मेलनमा पूर्वअर्थमन्त्रीसमेत रहनुभएका उहाँले मुलुकलाई अस्थिरताबाट जोगाउन कांग्रेस-एमालेबीच सहकार्य भएको उल्लेख गर्नुभयो।

"पछिल्लो समय पटक-पटक सत्ता परिवर्तन भए पनि विकासले गति लिन नसकेपछि संसद्का दुई ठूला दलबीच सहकार्य भएको हो।

यसबाट मुलुकमा स्थिरता कायम हुनुका साथै जनतामा आशा उब्जिएको छ", प्रवक्ता महतले भन्नुभयो, "अस्थिरताबाट देशलाई जोगाउन एमाले र कांग्रेस एक ठाउँमा उभिएका हुन् ।" उहाँले कांग्रेस-एमालेको गठबन्धन सरकारले मुलुकलाई स्थिरतातर्फ लैजाने दाबी गर्नुभयो।

नयाँ सरकार गठन पछि विस्तारै मुलुकको आर्थिक गतिविधि चलयायमान हुँदै गएको प्रवक्त महतले बताउनुभयो । सरकारको न्यूनतम साझा कार्यक्रम यथाशीघ्र प्रकाशित गर्ने उहाँको भनाइ छ ।रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०५/२५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय रामगोपालपुर, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

### तपसिल

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : जयसवाल कोल्ड स्टोर्स**<br>घरेलु तथा साना उद्योग कार्यलय, जलेश्वर, महोत्तरी<br>प्रा.फ.र.नं. २५६९/३४/०७०/०७१, दर्ता मिति : २०७१/०१/२८<br>पान नं. ६०२१३२४२०, दर्ता मिति : २०७१/०२/०४<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. ६, **प्रोप्राइटर : शम्भु साह** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : शम्भु साह**<br>ना.प्र.नं. ०६३६२८६२, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५२/०५/०८<br>बाबुको नाम : हरिहर साह कलवार<br>बाजेको नाम : राम सकल साह<br>ठेगाना : सर्लाही जिल्ला, बलरा गा.बि.स. वडा नं. ६<br>हाल : सर्लाही जिल्ला, बलरा न.पा. वडा नं. ४ | **२. नाम : मधुरेन्द्र प्रसाद जयसवाल**<br>ना.प्र.नं. १९-०१-७७-१८७११, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७७/०९/१९<br>बाबुको नाम : शम्भु साह<br>बाजेको नाम : हरिहर साह कलवार<br>ठेगाना : सर्लाही जिल्ला, बलरा वडा नं. ४<br>हाल : सर्लाही जिल्ला, बलरा न.पा. वडा नं. ४ |
| | **३. नाम : पुनीता कुमारी देवी**<br>ना.प्र.नं. १९१००२/२१, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६६/११/२६<br>पति : शम्भु साह<br>ससुरा : हरिहर साह कलवार<br>ठेगाना : सर्लाही जिल्ला, बलरा गा.बि.स. वडा नं. ६<br>हाल : सर्लाही जिल्ला, बलरा न.पा. वडा नं. ४ | **४. नाम : रेनुका जैसवाल**<br>ना.प्र.नं. १९-०१-०७४-०२५१३, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७४/०३/११<br>बाबुको नाम : शम्भु साह<br>बाजेको नाम : हरिहर साह कलवार<br>ठेगाना : सर्लाही जिल्ला, बलरा वडा नं. ४<br>हाल : सर्लाही जिल्ला, बलरा न.पा. वडा नं. ४ |
| | **धितोको विवरण** | |
| | शम्भु साहको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, बलरा वडा नं. ५ स्थित कित्ता नं. ७८३ को क्षेत्रफल ०-०-१९-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |
| | **ऋणीको नाम, ठेगाना** | |
| २. | **नाम : अभिषेक किराना पसल**<br>घरेलु तथा साना उद्योग कार्यलय, महोत्तरी<br>प्रा.फ.र.नं. ३८२५/१०/०७३/०७४, दर्ता मिति : २०७४/०१/०६, पान नं. ६०६०७८०५६, दर्ता मिति : २०७४/०१/११<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. १, **प्रोप्राइटर : राम नन्दन मण्डल** | |
| | **ऋणी तथा जमानतकर्ताको विवरण** | |
| | **नाम : राम नन्नदन मण्डल**<br>ना.प्र.नं. २०८६५४८८, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६०/१०/१२<br>बाबुको नाम : रामदेव मण्डल धानुक, बाजेको नाम : वुनि मण्डल धानुक<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. १, हाल : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ३ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : रामदेव मण्डल धानुक**<br>ना.प्र.नं. २०८६२२९७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४१/०५/०५<br>बाबुको नाम : वुनि मण्डल धानुक<br>बाजेको नाम : भागवत मण्डल<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ३ | **२. नाम : मानो देवी धनुकाईन**<br>ना.प्र.न. २०८६२२३८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०३३/०१/१६<br>पति :रामदेव मण्डल धानुक<br>ससुरा : वुनि मण्डल धानुक<br>ठेगाना : महोत्तरी जिल्ला, सहसौला वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ३ |
| | **३. नाम : फुलो देवी**<br>ना.प्र.नं. १८३०४३/१४८, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६३/०१/१६<br>पतिको नाम : राम नन्नदन मण्डल, ससुराको नाम : रामदेव मण्डल धानुक<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. १, हाल : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ३ | |
| | **धितोको विवरण** | |
| | राम नन्दन मण्डलको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. १ क र १ ग कित्ता नं. ७९२ र १०१९ को क्षेत्रफल क्रमशः ०-०-१४.५-० र ०-१-१४.५-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# भारतीयहरू पुराना चलचित्र हेर्न फेरी किन सिनेमाघर धाउँदैछन्

बीबीसी

काठमाण्डु । 'लैला मज्नु' यो महिना सिनेमा घरहरूमा पुनः रिलिज हुन लागेको सुनेपछि २६ वर्षीय जाकिया रफिकी सन् २०१८ को यो बलिवूड चलचित्र दोहोऱ्याएर हेर्ने योजना बनाइन्।

"सन् २०१८ मा यो चलचित्र हेर्न जाँदा फिल्म हलमा औँलामा गन्न सकिने मानिसहरूमध्येमा म पनि थिएँ। यसपटक त धेरै मानिसहरू थिए। अनि त्यसमध्ये धेरैजना हाँसिरहेका र रोइरहेका थिए," रफिकी भन्छिन्।उनी आफ्नी बहिनीसँग दिल्लीको सिनेमा घरमा यो चलचित्र हेर्न गएकी थिइन्।रफिकी यो चलचित्रसँग आफ्नो "भावनात्मक नाता" भएको बताउँछिन्। चलचित्रको कथा भारत प्रशासित कश्मीरको एक वियोगात्मक प्रेम सम्बन्धबारे छ। रफिक पनि त्यही ठाउँकी हुन्।"आफ्नो गाउँको सानो टुक्रा चलचित्रको ठूलो पर्दामा हेर्न मज्जा आउँछ। उनीहरूले कश्मीरका गल्लीहरूमा आफ्नो सवारी गुडाइरहँदा त्यहीँ पुगेको जस्तो महसुस हुन्छ," उनी भन्छिन्।

लोकप्रिय चलचित्र निर्माता इम्तियाज अलीद्वारा लिखित यो चलचित्रले पहिलोपटक प्रदर्शनमा आउँदा निकै कम मात्रै कमाइ गरेको थियो। तर छ वर्षपछि दोस्रो पटक प्रदर्शनमा आउँदा भने राम्रो कमाइ गऱ्यो। लामो समयपछि सिनेमा घरहरूमा पुनः प्रदर्शनमा आउँदा दुई दशकअघि भन्दा धेरै कमाई गर्ने कैयौँ चलचित्रमध्येको एक लैला मज्नु पनि हो।कोरोनाभाइरस महामारीपछि कैयौँ महिनासम्म सिनेमा घरहरू बन्द रहँदा मानिसहरू स्ट्रीमिङ सेवातर्फ मोडिएपछि विश्वका अन्य चलचित्र बजार हरूजस्तै भारतीय चलचित्र उद्योगले पनि उतारचढावको सामना गरिरहेको छ।

"यो वर्ष विशेषगरी प्रदर्शनमा आएका नयाँ फिल्महरूका लागि खराब रह्यो," विश्लेषक कोमल नाहटा भन्छन्। हिन्दी भाषाका बलिवूड चलचित्रको आधिपत्य रहेको यस उद्योगले नियमित नयाँ चलचित्रहरू तयार गरिरहेको छ।तर पनि मानिसहरू सिनेमा घर भन्दा नेटफ्लिक्स र एमजन प्राइम भिडिओ जस्ता स्ट्रीमिङ सेवाहरूमा चलचित्र प्रदर्शनमा आउने पर्खाइमा बसिरहेको चर्चा गर्ने गर्छन्।केही नयाँ चलचित्रहरूले चाहिँ अपवादका रूपमा सफलता कमाइरहेका छन्।

अहिले प्रदर्शन भइरहेको हिन्दी 'हरर-कमेडी' चलचित्र स्ट्री-टूले करिब चार अर्ब भारतीय रुपैयाँ कमाई गरिसकेको छ।यो चलचित्र भारतमा वर्षकै सबैभन्दा



धेरै कमाइ गर्ने बलिवूड चलचित्र बनेको छ।तर देश बाहिरको समेत जोडेर समग्रमा धेरै कमाइ गर्ने चलचित्र चाहिँ 'कल्की २८९८ एडी' बनेको छ। यसमा बलिवूडका चर्चित हस्तीहरूले अभिनय गरेका छन्। दर्शकहरूको आनीबानीमा आएको परिवर्तनका कारण भारतीय चलचित्र उद्योगमा निरन्तर उतारचढाव देखिएकोमा कुनै दुई मत छैन।

यो वर्ष भारतमा चलेका १० मुख्य चलचित्रमध्ये तीनवटा दक्षिण भारतीय राज्य केरलाका चलचित्रहरू थिए।यस्ता चलचित्रको निर्माणमा तुलनात्मक रूपमा कम लगानी हुने गर्छ।त्यसकारण चलचित्रका वितरक र दर्शकहरू दुवै आफ्नो अनुकूल र परिचित स्वादतर्फ आकर्षित हुन थालेका छन्। बलिवूडमा यो वर्ष पुनः प्रदर्शनमा आएका चलचित्रहरू भिन्नभिन्न विधाका छन्।सन् १९९० को दशकमा बनेका भारतीय चलचित्रहरू दर्शकले निकै मन पराएका थिए।

'दिलवाले दुल्हनिया लेजाएङ्गे' र 'हम् आप्को हैं कौन' जस्ता हास्यरस भएका प्रेम कहानी सम्बन्धी चलचित्रहरू तथा 'मैं खेलाडी तु अनारी' र 'बाजीगर'जस्ता एक्सन थ्रिलर चलचित्रहरू यो वर्ष पुन प्रदर्शनमा आए।साथै 'रकस्टार', 'जिन्दगी ना मिलेगी दोबारा' र 'जब ह्वी मेट' जस्ता चलचित्रले पनि मानिसहरूलाई पुनः सिनेमाघरसम्म पुऱ्याए।विश्लेषकहरूका अनुसार लैला मज्नुको सफलता सबैभन्दा ठूलो आश्चर्यको विषय बन्यो।कश्मीरमा दुई दशकसम्म बन्द रहेका सिनेमा घरहरू सन् २०२२ मा खुलेपछि त्यहाँका मानिसहरूले यस चलचित्र हेर्न पाएकोमा निर्माताहरू खुसी भएका थिए।

"यो चलचित्रले अन्ततः आफ्नो लगानी उठाएको छ वा अर्को शब्दमा भन्दा घाटा कम गरेको छ," नाहटा भन्छन्। उक्त चलचित्रको सफल व्यापारले अरू चलचित्रहरूलाई पनि पुन प्रदर्शनबाट फाइदा पुग्न सक्ने बाटो देखाएको उनको भनाई छ। एकजना बलिवूड विश्लेषक तरण आदर्श पुराना चलचित्रहरूको पुन प्रदर्शनले नयाँ चलचित्रको अभाव र बक्स अफिसमा भइरहेको कमजोर कमाइमा भरथेग गर्ने बताउँछन्।अर्को पक्ष के छ भने पुनः प्रदर्शनमा आएका चलचित्रहरूले धेरै प्रचार गरेका छैनन्।

सिनेमा घरको टिकट काट्ने ठाउँमा वा सामाजिक सञ्जालमा मात्रै चलचित्रका पोस्टर देखिन्छन्।"मानिसहरूलाई विगतको संस्मरणमा लैजाने वा यसअघि नै प्रशंसकहरू कमाएका चलचित्रप्रति मानिसहरूको प्रेमका कारण यस्तो भएको हो," आदर्श भन्छन्। तमिल र उर्दूमा पुनः प्रदर्शनमा आएका चलचित्रहरू यसका नायकका कारण पनि चलेका छन्।हालैको भिडिओमा तलुगु महानायक चिरञ्जीवीका प्रशंसकहरू सन् २००२ को एक सफल चलचित्र इन्द्रको एक गीतमा सिनेमा घरहरूमा नाच्दै गरेको देखिएको छ।

"साधरणतया २० वर्षअघि चर्चाको शिखरमा उक्लँदै गरेका महानायक रहेका र यसअघि नै चर्चित चलचित्रहरू अहिले प्रदर्शनमा आएका छन्," दक्षिण भारतीय चलचित्रहरूबारे जानकार श्रीधर पिल्ले भन्छन्।"या त त्यो चलचित्र मानिसहरूको अतीतसँग सम्बन्धित वा अहिले चर्चित नायक भएका व्यक्तिहरूले अभिनय गरेका हुनपर्छ।"मलयालम महानायक मोहनलालका यस्ता दुई वटा चलचित्र छन्। सन् २००० को 'देवदूतन' र सन् १९९३ को 'मनिचित्रथाजू' अहिले केरलाका सिनेमा घरहरूमा प्रदर्शन भइरहेका छन्। संयोगले दुवै हरर चलचित्रहरू हुन्।

डरलाग्दा दृश्यहरू रहेको देवदूतन पहिलो पटक प्रदर्शनमा आउँदा असफल भएको थियो। तर अहिले पुनः प्रदर्शन भइरहँदा एक महिनादेखि दर्शकहरूको घुइँचो छ। पिल्लेका अनुसार मनिचित्रथाजू यसअघि नै आफ्ना समर्थकहरू रहेको र पहिलो पटक प्रदर्शन हुँदा पनि बक्स अफिसमा अभूतपूर्व कमाइ गरेको थियो।उनका अनुसार दक्षिण भारतीय चलचित्रहरूमा पुनः प्रदर्शनमा आउँदा पनि सफल भएको यो चलचित्र राम्रो उदाहरण बनेको छ।"यो एउटा प्रतिष्ठित चलचित्र हो। पहिलोपटक प्रदर्शन हुँदा पनि अत्यधिक सफल थियो र पुनः प्रदर्शनमा आउँदा पनि यसले युवा दर्शहरू आकर्षित गरिरहेको छ," उनी भन्छन्।

कहिलेकाहीँ एउटा सफल चलचित्रको दोस्रो शृखंलाले पनि पहिलो चलचित्रमा रुचि बढाउँछ।गत वर्ष सन् २००१ को चलचित्र 'गद्दरः एक प्रेम कथा'ले चलचित्रहरूमा अर्को सफल व्यापार गऱ्यो। त्यसको कारण चाहिँ यसको अर्को शृंखला 'गद्दर २' अत्यधिक सफल हुनु पनि रहेको नाहटा बताउँछन्।तर दोस्रो शृङ्खलाको रूपमा प्रदर्शनमा आएको इन्डियन २ ले राम्रोसँग व्यापार नगरेपछि कमल हसनको 'इन्डियन'ले पनि अरू पुराना चलचित्रहरूजस्तो सफलता पाउन सकेन।

**किन पुराना चलचित्रमा रूचि बढ्यो**

स्ट्रीमिङ सेवाहरूमा सहजै उपलब्ध हुने पुराना चलचित्रका मानिसहरू किन पैसा तिरेर सिनेमा घर धाइरहेका छन् त?"तपाईँ अनलाइनमा चलचित्र हेर्दाको अनुभव र सिनेमा घरमा गएर हेर्दाको अनुभव तुलना गर्न सक्नुहुन्न। त्यसकारण पनि मानिसहरू सिनेमा घरसम्म पुगेका हुन्," आदर्श भन्छन्।श्रुति जेन्डे यो कुरामा सहमति जनाउँछिन्। महाराष्ट्रको पुणेकी ३० वर्षीय यी युवतीले गत वर्ष यता पुनः प्रदर्शनमा आएका केही चलचित्र हेरिसकेकी छिन्।"कथाका लागि चलचित्र हेर्ने भन्दा पनि त्यो चलचित्र साँच्चिकै मन पराउने मानिसहरूको समूहसँग बसेर हेर्न राम्रो अनुभव हुन्छ," उनी भन्छिन्।

मानिसहरूलाई कतिपय दृश्य र संवाद समेत याद हुने भएका कारण उनीहरूले चलचित्रमा त्यो देखाइनुअघि नै प्रतिक्रिया जनाउन सुरु गर्छन्। उनी यसै साता तेलुगु महानायक नागार्जुनाको सन् २००४ को चलचित्र 'मास' हेर्ने तयारीमा छिन्।पुनः प्रदर्शनमा आएका चलचित्रबारे उनको अन्तिम ठहरले दोधारमा रहेका चलचित्र निर्माताहरूमाझ आशाको सञ्चार गर्नेछ।"म यो वर्ष अझै एउटा वा दुई वटा पुनः प्रदर्शनमा आएका चलचित्रहरू हेर्न सक्छु," उनी भन्छिन्।"तर त्यसपछि भने म नयाँ चलचित्र हेर्न चाहन्छु।"

# पल्सर अवार्ड : चार विधाको मनोनयन सार्वजनिक




काठमाण्डु । नेपाली खेलकुदको प्रतिष्ठित 'एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड, २०८०' को वर्ष पुरुष, महिला, युवा खेलाडी तथा प्रशिक्षक गरी चार विधाको मनोनयन सार्वजनिक गरिएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)द्वारा सोमबार आयोजित पत्रकार सम्मेलनमार्फत २१औँ संस्करणको अवार्डको चार विधाको मनोनयन सार्वजनिक गरिएको हो । चार विधातर्फ उत्कृष्ट पाँच/पाँच खेलाडी र प्रशिक्षक मनोनयनमा परेका हुन् । उक्त अवार्डका लागि पुरुषतर्फ क्रिकेटका दीपेन्द्रसिंह ऐरी र रोहितकुमार पौडेल, करातेका मोहम्मद शेख आलम, फुटबलका अनन्त तामाङ र गल्फका सुवास तामाङ मनोनयनमा परेका छन् ।

त्यस्तै महिलातर्फ करातेकी एरिका गुरुङ, फुटबलकी सावित्रा भण्डारी, क्रिकेटकी रुविना क्षेत्री, एथ्लेटिक्सकी सन्तोषी श्रेष्ठ र कबड्डीकी मेनुका राजवंशी मनोनयनमा परेका छन् । विसं २०८० मा राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय प्रतियोगितामा गरेको प्रदर्शन र नतिजाका आधारमा उनीहरुलाई मनोनयनमा समावेश गरिएको हो । आयोजक मञ्चका महासचिव प्रज्ज्वल ओलीको संयोजकत्वमा गठित सात सदस्यीय छनोट समितिले वर्ष खेलाडी र प्रशिक्षकको छनोट गरेको हो ।

यसैगरी युवा वर्ष खेलाडीको मनोनयनमा अर्जुन कुमाल (क्रिकेट), हेमन्त पाल (भारोत्तोलन), प्रीति राई (फुटबल), सुजन गडाल (टेबलटेनिस) र सुनिरा थापा (टेनिस) छन् । यस्तै वर्ष उत्कृष्ट प्रशिक्षकतर्फ कविराज नेगी लामा (पारा तेक्वान्दो), कुशल श्रेष्ठ (कराते), मोन्टी देसाई (क्रिकेट), पार्वती राई (कबड्डी) र सञ्जय मर्हजन (भारोत्तोलन) मनोनयनमा परेका छन् । उक्त मनोनयनमा पर्नेमध्ये एकजना खेलाडी अवार्डबाट सम्मानित हुनेछन् । अवार्ड कार्यक्रम यही भदौ २८ गते कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना हुँदैछ । छनोट समितिका संयोजक ओलीले यस वर्ष धेरै खेलाडी मनोनयनका लागि दाबेदार रहेकाले उत्कृष्ट पाँच छनोट गर्न कठिन भएको उल्लेख गर्दै मनोनयनमा समावेश सबै खेलाडी आफ्नो विजेताजस्तै रहेको प्रतिक्रिया दिनुभयो ।

मनोनयन सार्वजनिक कार्यक्रममा एसियाली खेलकुद पत्रकार महासङ्घ (एआइपिएस) का केन्द्रीय सदस्य इम्यानुएल फ्यान्टानेनुले खेलाडीलाई सम्मान गर्नु राम्रो पक्ष रहेको उल्लेख गर्दै मनोनयनमा पर्ने सबै खेलाडीलाई शुभकामना दिनुभयो । यसपटक मञ्चले अवार्ड कार्यक्रमसँगै एसियाली खेलकुद पत्रकार महासङ्घ (एआइपिएस, एसिया) को कंग्रेस पनि आयोजना गर्दै छ । नेपाल खेलकुद पत्रकार मञ्च आइपिएस एसियाको सदस्य हो ।

यसअघि अवार्डको पिपुल्स च्वाइस विधा मनोनयन सार्वजनिक भइसकेको छ । पिपुल्स च्वाइसतर्फ फुटबलकी प्रीति राई, कबड्डीकी मानमति विष्ट, भलिबलकी कविता भट्ट, रग्बीका श्रीराम श्रेष्ठ र क्रिकेटका गुलसन झा मनोनयनमा परिसकेका छन् । यसको विजेता घोषणा गर्नका लागि ईसेवामार्फत मतदान, २९ खेलका प्रमुख प्रशिक्षकको मत, एनएसजेफका सदस्यको मत र पल्सर स्पोर्ट्स अवार्ड तथा पल्सर नेपालको आधिकारिक फेसबुक पेजमा प्राप्त लाइकलाई आधार मानिने छ । ईसेवाको मत भदौ २७ गते राति १२ बजेसम्म खुला रहनेछ ।

अवार्डका अन्य विधा पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम अचिभमेन्ट अवार्ड, टिम अफ दी इयर र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्डको घोषणा भने कार्यक्रमकै दिन गरिने संयोजक ओलीले जानकारी दिनुभयो । यसपटक वर्ष पुरुष, महिला, युवा र प्रशिक्षक विधाको विजेताले पल्सर एनएस २०० मोटरसाइकल प्राप्त गर्नेछन् । पिपुल्स च्वाइस विधाको विजेताले भने पल्सर एनएस ४०० मोटर बाइक जित्नेछन् । अन्य विधाका विजेतालाई जनही रु एक लाख र गिफ्ट ह्याम्पर प्रदान गरिनेछ ।रासस

# हसिनाको सुपुर्दगीको माग गर्दै बङ्गलादेश

एएफपी

ढाका । बङ्गलादेशका अपदस्थ नेता शेख हसिनालाई छिमेकी भारतबाट स्वदेश फिर्ता गराउन सकिने बङ्गलादेशको युद्ध अपराध न्यायाधिकरणले जनाएको छ ।

बङ्गलादेशमा विद्यार्थी नेतृत्वको आरक्षण विरोधी प्रदर्शनले राजनैतिक रूप धारण गरेपछि तत्कालिन प्रधानमन्त्री सेख हसिना अगस्ट ५ मा हेलिकप्टरमार्फत भारतको नयाँदिल्ली पुग्नुभएको थियो । उहाँको विदेश पलायनपछि सेना प्रमुखले हसिनाले प्रधानमन्त्री पदबाट राजिनामा दिएको घोषणा गर्नुभएको थियो । बङ्लादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आईसीटी) का प्रमुख अभियोजक मोहम्मद ताजुल इस्लामले मुख्य अभियुक्त हसिना विदेश पलायन भएको अवस्थामा उहाँलाई फिर्ता ल्याउन कानुनी प्रक्रिया सुरु गरिने बताउनुभएको छ ।



सन् १९१७ मा स्वतन्त्रताको लडाइँका क्रममा भएका अत्याचारको छानबिन गर्न हसिना आफैले सन् २०१० मा आईसीटीको स्थापना गर्नुभएको थियो ।हाल हसिनाको सरकारमाथि सामूहिक नजरबन्द तथा राजनीतिक विरोधीको हत्यासहित व्यापक मानव अधिकार हननको आरोप लागेको छ । हसिना प्रशासनले सन् २०१३ मा भारतसँग बङ्लादेशले उक्त सन्धिमा हस्ताक्षर गरेको इस्लामले उल्लेख गर्नुभयो । हसिनालाई बङ्गलादेमा भएको नरसंहारको मुख्य अभियुक्तका रुपमा व्याख्या गर्दै कानुनी रूपमा उहाँलाई बङ्गलादेश फिर्ता ल्याउने प्रयास गर्ने इस्लामले बताउनुभयो ।

> अपदस्त प्रधानमन्त्री हसिना बङ्लादेशबाट भागेदेखि सार्वजनिक रूपमा देखा पर्नु भएको छैन भने उहाँको अन्तिम आधिकारिक ठेगाना भारतको राजधानी नयाँदिल्ली नजिकैको सैन्य एयरबेस रहेको जनाइएको छ ।

अपदस्त प्रधानमन्त्री हसिना बङ्लादेशबाट भागेदेखि सार्वजनिक रूपमा देखा पर्नु भएको छैन भने उहाँको अन्तिम आधिकारिक ठेगाना भारतको राजधानी नयाँदिल्ली नजिकैको सैन्य एयरबेस रहेको जनाइएको छ । ढाकाले हसिनाको कूटनीतिक पासपोर्ट औपचारिकरूपमा रद्द गरिसकेको छ भने भारतसँगको द्विपक्षीय सुपुर्दगी सन्धिले आपराधिक मुद्दाको सामना गर्न स्वदेश फर्कन अनुमति दिनेछ । यद्यपि सन्धिको एक खण्डमा अपराध 'राजनीतिक चरित्र' को भएमा सुपुर्दगी अस्वीकार गर्न सकिने प्रावधान रहेको छ ।

राजनैतिक उथलपछिको सरकार प्रमुखको कार्यभार सम्हालेका नोबेल शान्ति पुरस्कार विजेता अन्तरिम नेता मुहम्मद युनुसले गत हप्ता हसिनालाई मुद्दाको सामना गर्न स्वदेश नफर्की निर्वासित रहँदासम्म 'शान्त बस्न' प्रेस ट्रस्ट अफ इन्डिया (पिटिआई) सँगको कुराकानीमा आग्रह गर्नुभएको थियो । हसिनाको बहिर्गमनभन्दा पहिले हप्तौंसम्म भएको आन्दोलनका क्रममा ६०० भन्दा बढी मानिसहरू मारिएको राष्ट्रसङ्घको प्रारम्भिक प्रतिवेदनले जनाएको थियो । बङ्गलादेशले यसअघि हसिनाको शासनकालमा सुरक्षा बलद्वारा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको विषयमा उच्च अदालतका सेवानिवृत्त न्यायाधीशको नेतृत्वमा अनुसन्धान सुरु गरेको छ ।

## भियतनामम आँधीका कारण ५९ जनाको मृत्यु

एपी

हनोइ । भियतनाममा वेगवान् चक्रवात यागीका कारण कम्तिमा ५९ जनाको मृत्यु भएको छ । चक्रवातका कारण उत्तरी भियतनाममा भारी वर्षा हुँदा बाढीले वस्तीहरूमा क्षति पुऱ्याउनुका साथै पुल तथा सवारी साधनसमेत बगाएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । आँधी शुक्रबार भियतनाममा अवतरण गरेपछि आएको बाढी, पहिरो र डुबानका कारण ५० जनाको मृत्यु भएको भियतनामी सञ्चारमाध्यमले जनाएका छन्। उत्तरी भियतनामका धेरै नदीहरूमा पानीको स्तर खतराको उच्च तहमा पुगेको छ ।

काओ बङ प्रान्तमा बर्षापछि आएको पहिरोले सोमबार २० जना सवार बसलाई बगाएको छ । फु थो प्रान्तमा सोमबार जलमग्न रेड नदीको स्टिल पुल ढलेको छ। पुल भत्किएपछि केही मोटरसाइकल, कार र ट्रक नदीमा खसेका थिए जसमा १३ जना वेपत्ता भएको र नदीमा फसेका केहीलाई उद्धार गरिएको छ । यागी भियतनाममा १४९ किलोमिटर प्रतिघण्टाको गतिको साथ अवतरण गरेका थियो । देशको मौसम विज्ञान विभागले अझै पनि वर्षाले बाढी र पहिरो निम्त्याउन सक्ने चेतावनी जारी गरेको छ ।

आँधीपछि परेको बर्षाले आएको बाढी र पहिरोको कारण क्वाङ निन्ह र हाइफोङ प्रान्तमा कम्तिका ३० लाख मानिसहरू बिजुलीविहीन भएका छन् ।बढी प्रभावित हाइफोङ क्षेत्रका लागि ४६ लाख अमेरिकी डलरको सहयोग तथा राहत प्याकेज स्वीकृत गरेको छ । यागी जस्ता भयानक आँधीहरू जलवायु परिवर्तनका कारण बलियो हुँदै गएको तथा तातो समुद्री पानीले आँधीबेहरीलाई थप उर्जा दिँदा हावाको गति बढ्ने र भारी वर्षा हुने क्रम बढेको 'अर्थ अब्जरभेटरी अफ सिङ्गापुर'का निर्देशक बेन्जामिन होर्टनले बताउनुभयो ।

# स्पेनका प्रधानमन्त्री सान्चेज चीनमा, राष्ट्रपति सीसँग बेइजिङमा भेटवार्ता

एएफपी

बेइजिङ ।स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग सोमबार बेइजिङमा भेटवार्ता गर्नुभएको छ ।

भेटमा स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले बेइजिङ र युरोपियन युनियनबीचको गतिरोधका बावजुद चीनसँग सम्बन्ध प्रगाढ बनाउने उद्देश्यका साथ चीन भ्रमणका क्रममा सोमबार 'निष्पक्ष व्यापार व्यवस्था'का लागि आह्वान गर्नुभएको छ । सान्चेजले सोमबार नै अपराह्न बेइजिङस्थित सुसज्जित 'ग्रेट हल अफ द पिपुल'मा स्थानीय समकक्षी ली कियाङलाई भेटेर स्पेनले चीनसँगको सम्बन्धलाई अझ मजबुत बनाउन चाहेको बताउनुभएको थियो । "हामी एक साथ निष्पक्ष व्यापार व्यवस्थाको रक्षा गर्न पुलहरू निर्माण गर्न चाहन्छौं," उहाँले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ ।

उहाँले अगाडि लेख्नुभएको छ, "यसले हाम्रो अर्थव्यवस्थालाई विकास गर्न र हाम्रा उद्योग र नागरिकलाई फाइदा पुऱ्याउँछ।"सान्चेज भ्रमणको क्रममा साङ्घाई पनि जानुहुने कार्यक्रम रहेको छ । साङ्घाईमा उहाँले स्थानीय अधिकारी र व्यवसायीलाई भेट्नुका साथै नयाँ सेर्भान्टेस इन्स्टिच्युट सांस्कृतिक केन्द्रको उद्घाटन गर्ने कार्यक्रम रहेको छ । बेइजिङमा सोमबार आयोजित एक मञ्चमा सान्चेजले चीन र स्पेनबीचको 'बलियो सम्बन्ध'को प्रशंसा गर्नुभयो ।



उहाँले सोमबार नै सामाजिक सञ्जालमा शेयर गरेको एक भिडियोमा भन्नुभएको छ, "हामी हाम्रो अडान र पूर्णरुपमा मेल नखाने विषयमा पनि संवाद र सहकार्यमा संलग्न हुन रचनात्मक तत्परता देखाउने छौँ ।"उहाँले भन्नुभयो, "हामी सकारात्मक एजेन्डा विकास गर्न र सबै पक्षलाई फाइदा हुने गरी सहमतिको समाधान खोज्न प्रतिबद्ध छौं ।"सान्चेजले बेइजिङ्मा 'स्पेन-चाइना बिजिनेस एडभाइजरी काउन्सिल' का पदाधिकारीसँग भेटवार्ता गर्नुभएको थियो । काउन्सिल दुई देशबीचको 'व्यापार र लगानी सम्बन्धलाई प्रगाढ बनाउने' प्रयासको एक हिस्सा हो ।

भेटमा उहाँले भन्नुभयो, "हाम्रो उद्देश्य दुबै राष्ट्रलाई फाइदा पुऱ्याउने सम्मान र पारस्परिकतामा आधारित सन्तुलित सम्बन्धलाई बढावा दिनु हो ।"राष्ट्रपति सी चिनफिङ र शीर्ष सांसदहरूसँग अपराह्न भेटवार्ता गर्ने कार्यक्रम रहेको उहाँको कार्यालयले उपलब्ध गराएको कार्यतालिकामा उल्लेख छ ।सन् २०२३ को मार्चमा चीनको हाइनान प्रान्तको डाभोसमा आयोजित बोआओ फोरममा भाग लिएका साञ्चेजले आफ्नो अन्तिम चीन भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सीसँग भेट गर्नुभएको थियो।

भेनेजुएलाका विपक्षी नेता एडमण्डो गोन्जालेज उरुटिया स्पेनमा निर्वासनका लागि भागेको केही समयपछि प्रधानमन्त्री साञ्चेज बेइजिङ आइपग्नुभएको हो । शनिबार समाजवादी पार्टीको बैठकमा सान्चेजले उरुटियालाई 'एक नायक'को रूपमा वर्णन गर्दै उहाँलाई शरण दिने घोषणा गर्नुभएको थियो । भेनेजुएलाका राष्ट्रपति मादुरोको सरकार र बेइजिङबीच घनिष्ठ सम्बन्ध छ ।सान्चेजको यो भ्रमण यूरोपेली सङ्घ र चीनबीच बढ्दो व्यापार तनावको पृष्ठभूमिमा हुन लागेको हो ।

युरोपेली आयोगले गत महिना चीनबाट आयात हुने विद्युतीय सवारी साधनमा अतिरिक्त ३६ प्रतिशतसम्म पाँच वर्षे आयात शुल्क लगाउने घोषणा गरेको थियो भने गत महिना बेइजिङले चीनमा आयात हुने केही दुग्धजन्य पदार्थमा ईयूले दिएको अनुदानबारे छानबिन सुरु गरेको थियो ।गत जुनमा बेइजिङले घरेलु उत्पादकहरूको तर्फबाट स्थानीय व्यापार समूहले पेश गरेको आवेदनको जवाफमा समूहबाट सुँगुरको मासु आयातमा एन्टी-डम्पिङ अनुसन्धान सुरु गरेको थियो।स्पेन चीनमा सुँगुरको मासुको आपूर्तिका लागि सबैभन्दा ठूलो निर्यातक हो । गत वर्ष चीनलाई पाँच लाख ६० हजार टनभन्दा बढी मासु बिक्री गरेको थियो।

# नेप्से परिसूचक पछिल्लो चार कारोबार दिनदेखि निरन्तर ओरालो

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा पछिल्लो चार कारोबार दिन लगातार गिरावट देखिएको छ । गत साताको बुधबार ९० दशमलव ७३ र बिहीबार १२ दशमलव १० अङ्कले घटेको नेप्से परिसूचक यो साता कारोबारको पहिला दिन हिजो २५ दशमलव ४६ अङ्कले घटेको थियो । पुँजीबजारको ओरालो यात्राले सोमबार पनि निरन्तरता पाएको छ । आज नेप्से परिसूचक ५५ दशमलव ८६ अङ्कले घटेर दुई हजार छ सय ४६ दशमलव ०३ को बिन्दुमा कायम भएको हो । यो दुई दशमलव ०६ प्रतिशतको गिरावट हो ।



नेप्से परिसूचक घटेसँगै कारोबार रकममा पनि उल्लेख्य गिरावट देखिएको छ । कारोबार रकम गत असार मसान्तको हाराहारीमा खुम्चिएको छ । सोमबार तीन सय २७ कम्पनीको दुई करोड १० लाख ४८ हजार नौ सय ११ कित्ता शेयर एक लाख ११ हजार नौ सय ८६ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ४३ करोड ९१ लाख छ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । सोमबारको कारोबारमा सबै समूहको उपसूचक रातो देखिएको छ । सबैभन्दा धैरै होटल तथा पर्यटन समूह दुई दशमलव ६७, जीवन बीमा दुई दशमलव ४९, निर्जीवन बीमा दुई दशमलव ४५, लघुवित्त दुई दशमलव ३३, बैंकिङ दुई दशमलव २८ र वित्त समूह दुई दशमलव २७ प्रतिशतले घटेको छ ।

त्यस्तै विकास बैंक एक दशमलव ८७, जलविद्युत् दुई दशमलव ४४, लगानी शून्य दशमलव ३४, उत्पादन तथा प्रशोधन एक दशमलव २५, म्युचुअल फन्ड शून्य दशमलव ९४, व्यापार शून्य दशमलव ३५ र अन्य समूह एक दशमलव ८३ प्रतिशतले घटेको छ । हाथवे इन्भेस्टमेन्ट नेपाल लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धैरै आठ दशमलव ९८ प्रतिशतले बढेको छ । सबैभन्दा धैरै घट्नेमा भने उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ७८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सोमबार सबैभन्दा धैरै सिइडिबी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको रु ३७ करोड पाँच लाख ५७ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने हाईड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर १३ लाख ८२ हजार नौ सय छ कित्ता शेयर किनबेच भएको छ ।रासस

# एक वर्षमा फल्यो विदेशी स्याउ

ढोरपाटन । ढोरपाटन उपत्यकाबाट निसेलढोर जाने बाटोमा पर्ने मस गाउँमा पछिल्लो किसानले प्रविधिको प्रयोग गरी व्यावसायिक स्याउ उत्पादन गर्न थालेका छन् । विदेशबाट स्याउका बिरुवा ल्याएर लगाउन थालेपछि मसमा एकै वर्षमा स्याउ उत्पादन हुन थालेको हो ।

सडकको बायाँपट्टी ठूलो क्षेत्रफलमा लटरम्म फलेका थरिथरी जातका स्याउले भरिएको बगान फलामे तारले घेरिएको छ। वर्षौंअघिदेखि मस गाउँमा रैथाने जातका स्याउखेती गरिँदै आए पनि अपेक्षित उत्पादन हुन नसकेपछि विदेशबाट बिरुवा ल्याएर लगाउन थालिएको हो ।

ढोरपाटन नगरपालिका-९ का होमलाल भुसालसहितको समूहले थालेको व्यावसायिक स्याउखेती अहिले यहाँका अन्य किसानको अध्ययन गर्ने थलोका रुपमा विकास हुँदै गएको छ । मस गाउँसहित ढोरपाटनको नवी, भूजी, स्यालपाखे, काङ, निसेलढोरको कुँडेलगायत ठाउँमा करिब डेढ दशकदेखि स्याउखेती थालिएकामा अहिले उत्पादनमा किसान केन्द्रित हुन दिन थालेका हुन् ।

अहिले गाउँका अन्य किसानले पनि नयाँ प्रविधिको प्रयोग गरि स्याउखेती गर्न थालेका छन् । पछिल्लो समय रैथाने खेती गर्ने किसानले पनि व्यावसायिक खेतीप्रति चासो दिन थालेका हुन् ।



ढोरपाटन-९ का होमलाल भुसालसहित चिरन घर्ती, कमानसिंह बुढा, झिरमती घर्ती, रुद्र घर्ती र चकेन्द्र घर्तीले सुरु गरेको स्याउ खेतीलाई जिल्लास्थित कृषि ज्ञान केन्द्रले पनि लगानी गरेको छ। उहाँहरुले एक वर्ष अघि एक हजार तीन सय बिरुवा इटालीबाट ल्याएर लगाउनु भएको थियो । कृषि निर्देशनालयबाट ७५ प्रतिशत अनुदानमा बिरुवा पाउने भएपछि दुई वर्ष अधिदेखि स्याउखेती गर्न जग्गा भाँडामा लिएर सम्याउने काम गरेको होमलालले बताउनुभयो ।

उहाँले बिरुवा लगाएको एक वर्षमा करिब रु एक लाख ५० हजारको स्याउ उत्पादन भएको भन्दै अब केही दिनमा टिपेर बजार पठाउने जानकारी दिनुभयो । भुसालले भन्नुभयो, "पोहोर असारमा लगाएको बिरुवाले अहिले फल दिएपछि हामी धेरै खुसी भएका छौं, हामीले थालेको स्याउखेतीमा ज्ञान केन्द्रले पनि सहयोग गरेकाले सहज भएको छ । इटालीबाट बिरुवा आएको हो, यस वर्ष यति परिणाममा फल्ला भन्ने लागेको थिएन, अर्को साल धेरै फल्ने अपेक्षा गरेका छौं ।

"किसान चिरनकुमार घर्तीले गाउँमा खाली रहेको जग्गालाई सदुपयोग गरी व्यावसायिक स्याउखेती थालेको बताउनुभयो ।

हालसम्म व्यक्तिगत रुपमा रु २० लाख र कृषि ज्ञान केन्द्रको अनुदानसहित रु २७ लाख लगानी भएको उहाँले जानकारी दिनुभयो ।

एक हजार तीन सय बिरुवा लगाएकामा करिब एक हजारले फल दिएको भन्दै अझै १० हजार बिरुवा लगाउने योजना रहेको घर्तीले जानकारी दिनुभयो । सामूहिक रुपमा करिब एक सय रोपनी जग्गा भाँडामा लिएर उत्तरगङ्गा अर्गानिक एग्रो प्रालि दर्ता गरेर खेती सुरु गरेको उहाँले उल्लेख गर्नुभयो ।"रोजगारीका लागि विदेश जाँदा पनि दुःख गर्नुपर्छ, स्वदेशमा स्वरोजगारका अवसर सिर्जना गरी मेहनत गर्दा प्रशस्त खाम्दानी गर्न सकिन्छ ।

अहिले एक सय रोपनीमा १० हजार स्याउ फलाउने गरी काम गरिरहेका छौं", उहाँले भन्नुभयो, "छ जनाको समूहबाट काम थालेका छौं, अब प्राविधिक ज्ञान सिक्न बाँकी छ ।"

कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले मस गाउँमा इटालियन स्याउ उत्पादन हुने राम्रो हावापानी भएकाले किसानलाई प्रोत्साहन गरी व्यावसायिक बनाउन थालिएको बताउनुभयो ।

कृषि निर्देशनालयले इटालीबाट ल्याएको गोल्डेन, गाला, फूजी र रेड जातको स्याउका बिरुवा सहयोग गरेको भन्दै केन्द्रले स्याउलाई आवश्यक पर्ने प्राविधिक ज्ञान, मल, सिँचाइलगायतमा सहयोग गरेको उहाँले जानकारी दिनुभयो ।केन्द्रले यहाँ चाहिने आवश्यक प्राविधिक सहयोगसमेत निरन्तर गर्दै जाने प्रमुख सिलवालले बताउनुभयो ।

परीक्षणका लागि लगाइएको स्याउ राम्रो फलेपछि थप बिरुवा सहयोग गर्दै जाने उहाँले उल्लेख गर्नुभयो ।रासस

# पर्यटकीय मौसमको पखाईमा सौरेलीहरु

ीचितवन । यहाँको होटल भिष्टा सौराहाका सञ्चालक रमेश सिलवाल होटलको रङ्गरोगन र सरसफाइमा व्यस्त हुनुहुन्छ । अबको एकदुई दिनमा काम सकेर पर्यटकको पर्खाइमा लाग्ने उहाँको योजना छ ।

कोठाभित्रको रङ्गरोगनको काम सोमबार सक्ने तयारीमा रहनुभएका सिलवालले भन्नुभयो, "आज साँझसम्ममा रङ्गरोगनको काम सकेर टायलमा पुटिन दल्ने काम सुरु गर्दैछौं", उहाँले थप्नुभयो, "एकदुई दिनपछि पर्यटक बोलाउनु प-यो नि ।" बर्सातको समयमा घुम्न आउने पर्यटकको सत्_या निकै कम हुने गर्दछ । केही वर्षअघि सम्म सौराहाका होटल व्यवसायीले मजदुर कर्मचारीहरुलाई यो समयमा बिदा दिने गर्दथे ।सिलवालको भनाइमा आजभोलि थोरै पर्यटक भए पनि मजदुर कर्मचारी होटलमा रहने गर्दछन् । जङ्गल सफारी लजका सञ्चालक सुमन घिमिरे पनि यतिबेला होटलको सरसफाइ, रङ्गरोगन, मर्मतसम्भारमा व्यस्त हुनुहुन्छ । उहाँले भन्नुभयो, "होटललाई राम्रो बनाउने काममा जुटिरहेको छु ।"

असोज लागेसँगै पर्यटकको आगमन बढ्ने उहाँको अनुमान छ । क्षेत्रीय होटल सङ्घका पूर्वअध्यक्षसमेत रहनुभएका घिमिरेको भनाइमा वर्षात घटेर बाटो राम्रो भएमा असोज पहिलो साताबाट पर्यटकको आगमन बढ्दै जाने छ । होटलका मर्मतसम्भारका सबै काम यो महिनाभित्र सक्ने तयारीका साथ गरिरहेको उहाँले बताउनुभयो । घिमिरेले भन्नुभयो, "अबको केही दिनमा हाम्रो बगैँचामा ढकमक्क फूल देख्न सक्नुहुन्छ ।" पर्यटकलाई कसरी आकर्षण गर्ने भन्ने तयारीका साथ व्यवसायी जुटेका छन् ।

होटेल सेभेन लिमिटेडमा दुई सातादेखि पर्यटकको आगमन बढ्न थालिसकेको छ । होटलका प्रबन्ध निर्देशक सन्तोष पाठकले भन्नुभयो, "हाम्रोमा पर्यटकको राम्रो आगमन हुन थालिसकेको छ ।" वर्षातको समयमा पर्यटक कम हुँदा रङ्गरोगन र मर्मतसम्भारको काम गरिएको पाठकले बताउनुभयो । होटलको व्यवस्थापन पाठकसहितको समूहले लिएपछि पाँचतारे बनाउनेगरी काम थालिएको छ । उहाँको भनाइमा ९८ वटा कोठा थप गरेर एक हजार क्षमताका दुई हलसहितका संरचना बनाउने तयारी छ ।

रेष्टुरेन्ट एन्ड बार एसोसिएसनका पूर्वअध्यक्ष दीपेन्द्र खतिवडाका अनुसार सौराहाका ८० वटा रेष्टुरेन्ट मर्मतसम्भारका काम सकेर पर्यटकको पर्खाइमा छन् । ३० वटा हात्तीको व्यवस्थापन गर्दै आएको युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्षसमेत रहनुभएका खतिवडाले सौराहाका सबै पर्यटन व्यवसायी नयाँ पर्यटकीय मौसममा पर्यटकको पर्खाइमा रहेको बताउनुभयो ।

क्षेत्रीय होटल सङ्घका महासचिव गुणराज थपलियाले वर्षातसँगै बिग्रिएको बाटोका कारण यो वर्षातमा पर्यटकको आगमनमा निकै कमी आएको बताउनुभयो । पर्यटनसँग सम्बन्धित व्यवसायीहरु अबको मौसममा पर्यटकको राम्रो आगमन हुने अपेक्षासहित तयारीमा जुटेको उहाँको भनाइ छ । सौराहामा एक सय ५० भन्दा बढी होटल छन् ।

ती होटलमा छ हजार पाँच सय अट्ने क्षमता रहेको छ । जङ्गल सफारीका लागि विश्वमा प्रख्यात चितवन राष्ट्रिय निकुञ्जको प्रवेशद्वारमा सौराहा रहेको छ । थपलियाले भन्नुभयो, "स्वदेशी र विदेशी पर्यटक अबको मौसममा पहिलेभन्दा बढ्ने हाम्रो अपेक्षा छ ।"रासस

# स्थानीय तहद्वारा ७२ किलोमिटर नयाँ 'ट्र्याक' विस्तार

दमौली । जिल्लाका स्थानीय तहले सडक निर्माणलाई प्राथमिकता दिएका छन् । सडक कालोपत्र, 'ग्राभेल', कच्ची सडक निर्माण र 'ट्र्याक' खोल्ने कार्यलाई स्थानीय तहले प्राथमिकता दिएका हुन् ।

जिल्लाका स्थानीय तहले एक वर्षमा ७२.४१ किलोमिटर सडकको नयाँ ट्र्याक विस्तार गरिएको जनाएका छन् । व्यास नगरपालिकाले गत आवमा तीन दशमलव १९ किमी सडक कालोपत्र गरेको प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म नगरपालिकाले कुल एक सय एक किमी सडक कालोपत्र गरेको छ ।



गत आवमा नौ दशमलव ८६ किमी सडक ग्राभेल र १२.८४ किमी नयाँ ट्र्याक खोलिएको छ । गैरेका अनुसार हालसम्म एक सय ८४ किमी सडक ग्राभेल र पाँच सय ११ किमी नयाँ ट्र्याक खोलिएको छ । गैरेले भन्नुभयो, "पूर्वाधार विकासलाई नगरपालिकाले प्राथमिकताका साथ अगाडि बढाएको छ । जनताको माग र आवश्यकतालाई दृष्टिगत गरी विकास अभियान अगाडि बढेको हो ।"नगरपालिकाले गत आवमा एउटा पार्क, नौ दशमलव ९३ किमी ढल निर्माण गरेको छ । एक सय २९ परिवारमा खानेपानी सुविधा विस्तार भएको छ । योसँगै हालसम्म १९ हजार तीन सय ३६ परिवारमा खानेपानी सुविधा पुगेको गैरेले जानकारी दिनुभयो । "शून्य दशमलव ५५ किमी नदी नियन्त्रण, १४ हेक्टरमा सिँचाइ, एक स्वास्थ्य चौकी र आठ सामुदायिक भवन निर्माण भएका छन्", उहाँले भन्नुभयो ।

विश्व बैङ्कको लगानी एवं सहरी विकास मन्त्रालयको सहयोगमा पराशर मार्ग विस्तार निर्माण भइरहेको गैरेले बताउनुभयो । उहाँका अनुसार नगर विकास कोषको ऋण सहयोगमा व्यास-१० बैरेनीमा दुई सय ७१ रोपनी जग्गामा विकास आयोजनाले गति लिएको छ ।

भानु नगरपालिकाले गत आवमा छ सय ६० मिटर सडक कालोपत्र, १०.५ किमी ग्राभेल र एक दशमलव आठ किमी सडकको नयाँ ट्र्याक खोलेको छ । प्रमुख प्रशासकीय अधिकृत दिवाकर पौडेलका अनुसार हालसम्म नगरको बजेटबाट २०.६६ किमी कालोपत्र, १४६.५ किमी ग्राभेल र ३१.८ किमी नयाँ ट्र्याक खोलिएको छ ।

सोही वर्ष एक सय १० परिवारमा खानेपानी सुविधा विस्तार, एक हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा, दुई विद्यालय भवन, तीन स्वास्थ्य चौकी र १० वटा सामुदायिक भवन बनेका पौडेलले जानकारी दिनुभयो । भिमाद नगरपालिकाले दुई दशमलव तीन किमी सडक कालोपत्र, दुई दशमलव ११ किमी ग्राभेल र १३.७३ किमी बाटो विस्तार गरेको छ । नगरपालिकाका अधिकृत टेकावती ढकालका अनुसार दुई सय ९७ खानेपानी आयोजना, एक सय ८९ मिटर कुलो, एउटा पोखरी, एउटा स्वास्थ्य चौकी र १० वटा यात्रु प्रतीक्षालय निर्माण गरिएको छ ।

शुक्लागण्डकी नगरपालिकाले १०.८९ किमी सडक कालोपत्र, ८.९१ किमी ग्राभेल र १३.९४ किमी नयाँ ट्र्याक खुलेको छ । नगरभित्र हालसम्म ५५.२५ किमी कालोपत्र, ९५.४८ किमी ग्राभेल र ४८.७७ किमी नयाँ ट्र्याक खुलेको प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामगादेले जानकारी दिनुभयो । उहाँका अनुसार २२ पक्की पुल, पाँच झोलुङ्गे पुल, चार पार्क निर्माण तथा दुई सय ६९ परिवारमा खानेपानी विस्तार भएको छ ।

म्याग्दे गाउँपालिकाले गत आवमा तीन दशमलव नौ किमी सडकको नयाँ ट्र्याक, चार दशमलव एक किमी ग्राभेल र एक सय ३८ मिटर कालोपत्र भएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार सो अवधिमा छ मोटरवेल पुल र एक झोलुङ्गे पुल, 'एक घरः एक धारा'अन्तर्गत चार सय ३० परिवारममा खानेपानी पुगेको छ । गाउँपालिकाले पोखरी र ल्यान्डफिल्ड साइट एक/एक र दुईवटा वातावरणमैत्री पार्क निर्माण गरेको छ ।

आँबुखैरेनी गाउँपालिकाले गत आवमा तीन दशमलव दुई किमी सडक ट्र्याक खोल्ने, एक दशमलव आठ किमी ढलान, एक किमी नदी नियन्त्रण, ४० हेक्टर सिँचाइ सुविधा विस्तार गरेको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । सोही अवधिमा दुई विद्यालय भवन, तीन पोखरी, एक झोलुङ्गे पुल, तीन पार्क, तीन सय ३४ परिवारमा खानेपानी विस्तार भएको छ । देवघाट गाउँपालिकामा एक वर्षमा एक दशमलव एक किमी कालोपत्र, दुई किमी ग्राभेल र १० किमी नयाँ ट्र्याक खोलिएको, दुई मोटरेवल र तीन झोलुङ्गे पुल, दुई सय २० घरमा खानेपानी सुविधा पुगेको निमित्त प्रमुख प्रशासकीय अधिकृत गोविन्दप्रसाद पौडेलले बताउनुभयो ।

ऋषिङ गाउँपालिकामा सात किमी सडक कालोपत्र, दुई किमी ग्राभेल र पाँच किमी नयाँ ट्र्याक, तीन झोलुङ्गे पुल र एउटा पार्क निर्माण, एक सय ८० परिवारमा खानेपानी विस्तार भएको प्रमुख प्रशासकीय अधिकृत चिनबहादुर रानाभाटले जानकारी दिनुभयो । घिरिङ गाउँपालिकामा ०.३४ किमी सडक कालोपत्र, आठ किमी नयाँ ट्र्याक खुल्नाका साथै चार सय परिवारमा खानेपानी सुविधा विस्तार भएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद ढकालले उल्लेख गर्नुभयो ।रासस


# किवी फल बिक्रिका लागि बजार अभाव

मान्म । कालिकोटमा किवी खेती फस्टाए पनि किसानलाई बजारको समस्या भएको छ । किवी फल उत्पादन भए पनि सडक तथा बजार नहुँदा बिक्रीका लागि समस्या भएको हो ।

यहाँको नरहरिनाथ गाउँपालिका-५ रुप्सामा किवी खेती फस्टाएको छ । तर, किसानलाई बिक्रीको चिन्ता छ । रुप्साका अगुवा किसान जसमल बोगटीले यस वर्ष मात्रै पाँच क्विन्टल किवी उत्पादन गर्नुभयो । तर, उत्पादित किवीको बजारीकरणमा समस्या भयो । "बोटमै किवी पाक्न थालेपछि बजार र मूल्यको तनाव हुन्छ", उहाँले भन्नुभयो, "यहाँ सडक नपुगेकाले बजारमा कहाँ लैजानु । बाटोमा पहिरो आएर पैदल हिँड्न पनि सकिन्न ।"

रामेछाप जिल्लाबाट किवीका बिरुवा खरिद गरेर ल्याएर खेती गर्दै आउनुभएका उहाँले छिमेकी तथा गाउँलेलाई किवीको बेर्ना निःशुल्क दिने गरेको र भविष्यमा गाउँलाई किवी उत्पादनले चिनाउने लक्ष्य राखेको बताउनुभयो । "यसवर्ष उत्पादन भएकोमध्ये कसरी कहाँ बिक्री गरौँ भन्ने छ । आउने दिनमा केही भइहाल्ला", उहाँले भन्नुभयो, "कता लैजाने र कहाँ बिक्री गर्ने भन्ने अन्योल छ ।"उत्पादन गरे पनि बजार र मूल्य नपाउँदा समस्या भएको उहाँको भनाइ छ । "यहाँका अधिकांश किसानले किवी खेतीबाट राम्रै आम्दानी हुन्छ भन्ने आशाले व्यावसायिक खेती सुरु गरेका थिए" उहाँले भन्नुभयो, "तर, उत्पादनसँगै बजारीकरणको समस्या भएको छ ।"

नरहरिनाथ गाउँपालिकामा किवी, अलैँचीलगायतबाट राम्रो आम्दानी हुने सम्भावना देखिएको स्थानीय रामबहादुर बटालाले बताउनुभयो । "यहाँका किसानले किवी अलैँची तथा



जडिबुडीको खेती राम्रो गर्नुभएको छ," उहाँले भन्नुभयो, "यसवर्ष वडा नं. ५ को रुप्सामा किवी उत्पादन राम्रो भयो ।"नरहरिनाथ गाउँपालिका-९ का वडाध्यक्ष तथा गाउँपालिकाका प्रवक्ता प्रदीपकुमार बोहोराले किवीको व्यावसायिक खेतीको उत्पादनलाई बजारीकरण आवश्यक देखिएको बताउनुभयो ।रासस


जनकपुरधाम उप–महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

सूचना! सूचना!! सूचना!!!

जीवन अमूल्य छ यसलाई आत्मसात गरौं । सकारात्मक सोचको विकास गरौं । आफैलाई प्रेम गरौं । जीवन एउटा उपहार हो यसलाई सार्थक बनाऊ । जीवनमा आइपर्ने विभिन्न कठिन परिस्थितिहरुले कसैलाईपनि अत्याधिक तनाव हुन सक्छ, दिक्कदारीपन बढ्न सक्छ, निराशापन बढ्न, कहिलेकाहीँ बाचेर कुनै अर्थ छैन भन्ने लाग्न पनि सक्छ । तर समस्याबाट न भागौं । यसको समाधान छ । आत्महत्या समस्याको समाधान होइन । आमा बुवा भाइ बहिनी तथा साथीहरु हजुरको बाटो हेरी रहेका छन् । हजुरको सृजनशीलताको समाजलाई खाँचो छ । यदि आत्महत्या सम्बन्धी कुनै सोच आएमा पैसा नलाग्न फोन नम्बर ११६६ मा फोन गरेर तालिम प्राप्त मनोविमर्शकर्ता बाट २४ सै घण्टा निःशूल्क सहयोग लिन सकिन्छ । यसमा गरिएका कुराकानीहरु गोप्य रहन्छन् । "संवाद सुरु गरौँस दृष्टिकोण बदलौं" विश्व आत्महत्या रोकथाम दिवस सेप्टेम्बर १० सफल पारौं । जनकपुरधाम उप-महानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।



खडक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर,सप्तरी

मधेश प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

प्रकाशित मितिः– २०८१/०५/२५

यस खडक नगरपालिकाको चालु आ.ब. २०८१/०८२ मा बित्तिय समानिकरण तर्फ ट्रेक्टर खरिद गर्न बजेट बिनियोजन गरेकोले सोही अनुसार लागत ईष्टिमेट प्रयोजनार्थको लागि तपशिलमा उल्लेखित स्पेशिफिकेशन सहितको दररेट ईच्छुक उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताले यो सूचना प्रकाशन भएको मितिले ७ सात दिन भित्र यस नगरपालिकामा दररेट उपलब्ध गराई दिनुहुन् अनुरोध छ ।

तपशिलः

| सि.न. | उपकरणको नाम | आवश्यक संख्या | संक्षिप्त स्पेशिफिकेशन | कैफियत |
|---|---|---|---|---|
| 1. | 2WD Tractor | १(एक) | 2WD Diesel engine Tractor Suitable to operate in rough and hilly road conditon of Nepal with operating conditions. Minus 5 to 50 degree celsius and altitude of 2000 meters. Gross Weight of Tractor Shall not be Less than 2000 Kg., 4 stroke, at least 4 cylinders water cooled diesel engine, Max. Power Output not less than 45HP, Displacement in the range shall not be less than 2950 CC and torque shall not be less than 190 Nm@ rated RPM, Hydrostatic Power steering, Transmission: Full/Partial Constant Mesh, Manual shift at least Eight Forward and two reverse gear. | संक्षिप्त स्पेशिफिकेशनमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

# ८ जना नेपालीलाई भारतीय पुरस्कार

**टुडे समाचारदाता**

राजविराज। भारतको पश्चिम बंगाल राज्यको दार्जिलिंगमा आयोजित एक कार्यक्रममा ८ जना नेपालीलाई "ग्लोबल ह्युमन राइट्स इण्डो-नेपाल" मित्रता पुरस्कारबाट सम्मानित गरिएको छ। ग्लोबल मानवअधिकार, महिला शसक्तिकरण, सामाजिक न्याय तथा कोरोना कालमा पीडित भएकाहरुको विभिन्न माध्यमले सहयोग पुऱ्याएवापत उनीहरुलाई सो पुरस्कारबाट सम्मानित गरिएको कार्यक्रम



ह्युमन राइट्स प्रोटेक्सन फाउण्डेशन रिसर्च इन्स्टिच्युटद्वारा सोमबार एक कार्यक्रमको आयोजना गरी ८ जना नेपालीलाई सो पुरस्कारबाट सम्मान गरेको छ।

सम्मानित हुनेहरुमा सुनिता साह "क्रान्ति", मिश्रिलाल मधुकर, नेत्रबिक्रम साह, डा. नवलकिशोर साह, डा. अनिसा अछामी, समोदकुमार साह, कामेश्वर साह र मो. अनवर अली रहेका छन्।

आयोजक संस्थाका अध्यक्ष महानन्द सरकारले बताए।

उनीहरुलाई कार्यक्रममा समाजसेवी अशोक अग्रवालले सम्मानपत्र, प्रतिक चिन्ह र मेडल प्रदान गरे। सो संस्थाले प्रत्येक वर्ष मानवअधिकार, महिला सशक्तिकरण, सामाजिक न्याय र समाजसेवा क्षेत्रमा योगदान पुऱ्याउने नेपाल र भारतका अभियन्ताहरुलाई छनौट गरी पुरस्कृत गर्दै आएको छ।

# रोकिएन काठ तस्करी

**टुडे समाचारदाता**

बर्दिबास। महोत्तरीमा काठ तस्कर अझैसम्म पनि रोकिएको छैन। काठ तस्करी नरोकिदाँ वन अतिक्रमणमा वृद्धि भएको छ।

वनकर्मीले जंगली क्षेत्रसँग जोडिएका विभिन्न स्थानमा छापा मारी तस्करसहित ७८ क्युफिट बराबरको काठ तथा दुई थान मोटरसाइकल नियन्त्रणमा लिएका छन्। सो परियोजनाको जंगलबाट पनि साखुका ५८ क्युफिट काठसहित तस्कर पक्राउ परेका छन्।

वनकर्मीको टोलीले गौशाला नगरपालिका-८ स्थित बेलगाछीमा रहेको अमृत समिल तथा फर्निचर उद्योगमा छापा मारी ६५.५० क्युविक फिट बराबरको नौ थान सिसौका गोलिया तथा २.८१ क्युफिटका २० थान साखुका चिरान काठ बरामद गरेको छ। जंगली क्षेत्र आसपासका समिल तथा फर्निचर उद्योगले अवाञ्छित रूपमा काठ ढुवानी गरेको सूचनाका आधारमा माइस्थानस्थित सबडिभिजन वन कार्यालयका प्रमुख कृष्णकान्त



पटेल तथा सशस्त्र वन सुरक्षा शाखा कमान्डर अवतार लामा नेतृत्वको संयुक्त गस्तीले सो फर्निचर उद्योगलाई अघिल्लो रातदेखि नै निगरानीमा राखी कारबाही अगाडि बढाएको छ।

छापामारका क्रममा झडप हुने सम्भावनाका कारण रामनगरस्थित सशस्त्र प्रहरी बेस क्याम्पबाट थप बलसहित खोजी गर्दा समिल परिसरबाट काठ बरामद गरिएको थियो। फरार रहेका समिल सञ्चालक सञ्जितकुमार शर्माविरुद्ध वन मुद्दा दर्ता गरी कारबाही अगाडि बढाएको पटेलले जनाए। समिलमाथि निगरानी बढाइरहेका बेला रातको समयमा अर्को सूचना प्राप्त भएपछि सूचनाका आधारमा गौशाला-१० स्थित बटौवामा पुगेर सर्च गर्दा राति करिब १ बजेतिर जंगली बाटोतर्फ जाने सडक किनारामा स्याउलाले छोपिराखेको अवस्थामा वनकर्मीले सात क्युफिट बराबरका दुई थान साखुका गिँड बरामद गरेका थिए।

यसको अघिल्लो राति पनि २.४ क्युफिट बराबरको एक थान टिकको काठ र दुई थान मोटरसाइकलसहित गौशाला-१० स्थित बटौवाका ३० वर्षीय काठ तस्कर अयज यादवलाई पक्राउ गरिएको सबडिभिजन प्रमुख पटेलले बताए। सशस्त्र वनरक्षकसहितको रात्रिकालीन गस्तीले फायरलाइनस्थित सगरनाथ वन विकास परियोजनाको जंगलबाट राति करिब १ बजेतिर एक थान टिक प्रजातिको काठलाई दुई वटा मोटरसाइकलमा राखेर बस्तीतर्फ लैजाँदै गरेको अवस्थामा घेराबन्दी गरी यादवलाई नियन्त्रणमा लिएको छ।

त्यसक्रममा पक्राउ परेका यादवका एक जना मतियार भाग्न सफल भए पनि उनीहरूले प्रयोग गरेका दुई थान मोटरसाइकललाई नियन्त्रणमा लिई कारबाही अगाडि बढाइएको सबडिभिजन वन कार्यालय माइस्थानले जनाएको छ।

स ा ॅ

बरामद भएकामध्ये केही काठ टुटेश्वर र केही लक्ष्मीनियाँस्थित खयरमारा सबडिभिजनको जिम्मामा राखिएको छ। पक्राउ परेका यादवलाई माइस्थान सबडिभिजन कार्यालयको हिरासतमा राखेर अनुसन्धान भइरहेको पटेलले बताए।

# जनकपुरधाम उपमहानगरलाई अदालतको कारण देखाउ आदेश

**टुडे समाचारदाता**

जनकपुरधाम। दर्ता नरहेका निजी विद्यालयलाई कारबाही नगरेको भन्दै एनप्याब्सनले जनकपुरधाम उपमहानगरपालिकाविरुद्ध दिएको मुद्दामा उच्च अदालत जनकपुरले कारण देखाउ परमादेश जारी गरेको छ।

ज्ञापनपत्र बुझाउँदै अनुगमन समेत गरेको थियो।

तर सो अनुगमनपछि पनि बिना दर्ता संचालनमा रहेका विद्यालयलाई अहिलेसम्म कारबाही नगरिएको भन्दै एनप्याब्सन जनकपुरधाम नगर समितिका अध्यक्ष दीपक ठाकुरले





जनकपुरधाम उपमहानगरपालिकाले केही महिना बिना दर्ता संचालनमा रहेको निजी विद्यालयहरुलाई कारबाही नगर्नुका कारण सोध्दै उच्च अदालत जनकपुरले परमादेश जारी गरेको छ।

दर्ता नरहेको विद्यालय बन्द हुनुपर्ने माग राख्दै जनकपुरधामउपमहानगरपालिकालाई एनप्याब्सनलगायतकाले उच्च अदालतमा मुद्दा दिएको बताए।

जनकपुरधाम उपमहानगरपालिकाको कार्यालयले बेवास्ता गर्दा आफूहरुले बाध्य भएर अदालतको शरण लिनु परेको अध्यक्ष ठाकुरले बताए।

उच्च अदालतले जनकपुरधाम उपमहानगरलाई कारण देखाउनुका साथै अनुगमनका कागजात लिएर उपस्थित हुन भनेको छ।

# पोखरी निर्माण र संरक्षणमा जुट्दै युवा

**टुडे समाचारदाता**

लहान। स्थानीयस्तरमा पोखरी निर्माण र संरक्षणमा युवाहरु जुटेका छन्।

जलवायु परिवर्तनको असरले पानीको सतह गहिरिन थालेपछि पर्यावरणिय सन्तुलन कायम गर्न सिरहाको लहानका स्थानीय सक्रिय हुन थालेका छन्। सामुदायिक वनका सदस्य पनि पोखरी संरक्षणमा सक्रिय हुन थालेका छन्।

पोखरी निर्माण तथा संरक्षणले एकातिर हिउँदमा भूमिगत पानीको पुनर्भरण हुने तथा अर्कोतर्फ पर्यटकीय आगमन हुन गई आयआर्जनमा सघाउ पुग्ने स्थानीयवासीको भनाइ छ। चुरेको फेदमा पर्ने लहान–१५ स्थित शोभापुरमा दुई वर्षअघि 'कोइरालो खोला नमुना सामुदायिक वन' भित्रको सिमसार क्षेत्रलाई संरक्षण र व्यवस्थापन गरी 'हात्तीदह' लाई पोखरीको रुप दिइएपछि अहिले रमणीयस्थल बन्न पुगेको छ। करिब तीन हेक्टर क्षेत्रफलमा फैलिएको पोखरीमा आन्तरिक तथा बाह्य पर्यटकले अवलोकन भ्रमण गर्ने गरेका छन्।

पोखरी बनेपछि सो क्षेत्रका वरिपरिका बस्तीमा सुख्खायाममा पनि पानीको स्रोत बढेको कोइरालो खोला नमुना सामुदायिक वनका अध्यक्ष रुद्रनारायण चौधरीले बताउनुभयो। "सिमसार क्षेत्रलाई संरक्षण गरी ठूलो क्षेत्रफलमा पोखरी निर्माण गरिएपछि हिउँदामा पनि नजिकैका बस्तीमा भूमिगत पानीको सतह घटेको छैन। पहिला पहिला ५०/६० फिट गहिरो इनार खन्दा पनि पानीको सतह भेटिएको छैन।

हिँउदमा पानीको सतह घट्न नदिन आफ्नो सामुदायिक वनभित्र अन्य चारवटा पोखरी निर्माण गरिएका अध्यक्ष चौधरीले जानकारी दिए। उनले करिब ६ हेक्टर क्षेत्रफल ओगटेका उक्त पोखरीमा सिञ्चित पानीले नजिकैका भेडियाटोल, मोहनपुर, शोभापुर, बसाजोरी, डाँडाँटोललगायतका बस्तीमा भूमिगत पानीको सतह घट्न नसकेको बताए। पूर्व-



पश्चिम राजमार्गको उत्तरी क्षेत्र पर्ने चुरेको काखमा अधिकांश स्थानमा पानीको सतह सुकेर हाहाकार हुँदासमेत आफ्नो घरमा नियमित ट्युवेलमा पानी आएको स्थानीय हृदयनारायण महतोले बताए।

सो सिमसार क्षेत्रलाई संरक्षण र व्यवस्थापन गरी 'इको टुरिजम' विकास गर्न डिभिजन वन कार्यालय लहान, वृहत जलाधार व्यवस्थापन कार्यलय उदयपुर, राष्ट्रपति चुरे संरक्षण विकास, लहान नगरपालिका, सङ्घीय संसद्, १५ नं वडा लगायतको सहयोग रहेको अध्यक्ष चौधरीले बताए। पोखरीको सौन्दर्यकरण, विद्युतिकरण, पूर्वाधार निर्माण गरी पर्यापर्यटन प्रवर्द्धनका लागि सहयोग प्राप्त भएपछि 'इको टुरिजम' क्षेत्रको विकास गर्न सम्भव भएको उनले बताए।

त्यस्तै लहान–१५ स्थित बाबाजी खोला सामुदायिक वनले पनि विभिन्न संघ संस्थाको सहयोगमा दुईवटा पोखरी निर्माण गरेको अध्यक्ष जागेश्वर चौधरीले जानकारी दिए। खाली जग्गामा पोखरी निर्माण गरी त्यसमा माछापालन तथा डुंगा सञ्चालन गरी आय-आर्जनसँग स्थानीयवासीलाई जोड्न सकिन्छ। मुहानमा वर्खाको पानी जमाउने र जमिनलाई रिचार्ज गरेर मुहान सुक्नबाट जोगाउन रिचार्ज पोखरी उपयोगी हुन्छ। वर्खाको पानीबाट हुने जमिन कटान रोकथाम गर्दै मुहान संरक्षण गर्न रिचार्ज पोखरी निर्माणको काम सुरु गरिएको उनले बताए।

जलवायु परिवर्तनको असर चुरे आसपसका बस्तीमा बढी परेको देखिन्छ। हरेक ठाउँमा पानीका मुहान वर्षेनी सुक्दै गएको छ। पोखरीले जमिनमा पानीको रिचार्जको काम गर्दछन्। उनका अनुसार वर्षाको पानी जम्मा गरी वरिपरीको जमिनलाई चिस्यानयुक्त बनाउन यस्ता पोखरीले रिचार्जको काम गरेको हुन्छ। अन्य सामुदायिक वनमा पनि स्थानीय प्रयास र सरकारी तथा गैरसरकारी निकायको सहयोगपछि खुल्ला चौरमा परिणत भएका धेरै पोखरीको पुनःउत्थान तथा सिमसार क्षेत्रको संरक्षण कार्य भइरहेको जनाइएको छ।

# कक्षा ३ सम्मका विद्यार्थीलाई लक्षित गरी परियोजना संचालन आउने

**टुडे समाचारदाता**

राजविराज। सप्तरीमा कक्षा ३ सम्मका विद्यार्थीलाई लक्षित गर्दै ५ वर्षे लामो जाइका आइबिएसइ परियोजना संचालनमा आउने भएको छ।

ज ा प ा न क ा ॅ सहयोगी संस्था जाइकाको सहयोग तथा शिक्षा विज्ञान प्रविधि मन्त्रालयको समन्वयमा जिल्लाको १८ वटै पालिकामा सो परियोजना संचालनमा आउने भएको छ।

सो परियोजना संचालनको पूर्व तयारी स्वरुप सोमबार शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालयको शिक्षा मानव विकास श्रोत केन्द्रको आयोजना, जिल्ला समन्वय समितिको समन्वय तथा जाइकाको सहयोगमा सुरु भएको तीन दिने "आधारभुत विद्यालयको शिक्षा उत्थान सम्बन्धि अभिमुखीकरण"कार्यक्रममा यस्तो जानकारी गराइएको छ।

कक्षा ३ सम्मका विद्यार्थीहरु बढी जसो गणित विषयमा कमजोर देखिएकाले गणित विषयलाई बढी प्राथमिकतमा राखेर पाँच वर्षे परियोजना संचालनमा ल्याउन लागिएको र यसले अन्य विषय संगै गणित विषयको पढाइस्तर उकास्न समेत ठूलो मदत पुग्ने परियोजनका प्रमुख अधिकृत





विष्णु प्रसाद आर्चायले बताए।

उनले जापानको सहयोगि संस्था जाईकाको सहयोग र शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयको समन्वयमा हाल मुलुकको सप्तरीका साथै धादिंग, स्यांगजा, कपिलवस्तु, दैलेख र कंचनपुर लगायत सात स्थानमा परियोजना संचालन हुने बताए।

शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयको मानव विकास श्रोत केन्द्रकी शाखा अधिकृत मुक्ता देवी पोखरेलले पाँच वर्षे जाईका आईविएसइ परियोजना प्रभावकारी ढंगले संचालन र कार्यान्वयनका लागी जिल्लाको १८ वटै पालिकाका शिक्षा शाखा प्रमुख तथा सरोकारवालालाई सहभागिता गराएर अभिमुखीकरण कार्यक्रम चलाइएको बताईन। उनले परियोजना अन्तर्गत विद्यार्थी मात्रलाई नभई गणित विषय पढाउने शिक्षक समेतलाई दक्ष बनाउन विभिन्न प्रयासहरु गरिने बताईन। उनले परियोजनाको उदेश्य बमोजिम काम भए नभएको बेला बेलामा अनुगमन गरिने समेत बताईन।

जरै देखी गणित विषयको सिकाई, अध्यन र अध्यापनलाई बलियो बनाउने उदेश्यले कक्षा १, २ र ३ का विद्यार्थीलाई लक्षित गरी परियोजना संचालनमा ल्याइएको जापानी सहयोगि संस्था जाईका तथा अन्तराष्ट्रिय विकास केन्द्र जापानको समाजिक विकास शाखाका सिनीय रिर्सचर एतसुसि तेसकुइले बताए। श्रब्य दृश्य समाग्री मार्फत समेत सहभागीहरुलाई परियोजनाको उदेश्य र कार्यान्वय पक्षबारे स विस्तार जानकारी दिएका उनले शैक्षिक क्षेत्रमा सुधारका लागी ल्याइएको कार्यक्रम सफल बनाउन सबै

**मिलेर सहयोग गर्नु पर्नेमा जोड दिए।**

जिल्ला समन्वय सप्तरीका प्रमुख शिव नारायण साहको अध्यक्षतामा आयोजित कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई, सप्तरीका प्रमुख विजय कुमार मण्डल, स्थानीय शिक्षा इकाई संयोजक श्रीलाल सरदार, राजविराज नगरपालिका शिक्षा शाखाका प्रतिनीधी भगवती विश्वकर्मी, शम्भुनाथ नगरपालिकाका शिक्षा शाखा प्रमुख विदुर विक्रम थापा, महदेवा गाउँपालिकाका शिक्षा शाखा प्रमुख देव कुमार यादव, जाईकाका जिल्ला संयोजक उमेश कुमार साह लगायतले जाईका आईबीएसइ परियोजना प्रभावकारी संचालनका लागी आ-आफ्नो सुझाव राखेका थिए।

# चुरोट खाएर ठुटा फाल्दा आगलागी



टुडे समाचारदाता

मलंगवा। सर्लाहीको ईश्वरपुर नगरपालिकामा आगोले जलेर एक जना गम्भीर घाइते भएका छन्।

जिल्लाको ईश्वरपुर- १४ स्थित हरकठवामा आइतबार राति चुरोटको ठुटोबाट सल्किएको आगोमा जलेर सोही ठाउँका ४२ वर्षीय परीक्षण महतो गम्भीर घाइते भएका छन्। शरीरको कम्मरमाथिको ६० प्रतिशत भाग जलेर घाइते महतोको मोडेल अस्पताल लालबन्दीमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय केशरगञ्जले जनाएको छ।

राति महतो आफैले कोठाभित्र चुरोट पिएर फाल्दा नजिकै पानीको बोतलमा राखिएको पेट्रोलमा परेर आगलागी भएको हो। तत्कालै घरका मानिसले शरीरमा पानी खन्याएर महतोको उद्धार गरेका छन्।

प्रहरीले घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको बताए।

# धान वालीमा सिड ब्लाइड रोग

**टुडे समाचारदाता**

वीरगञ्ज। ग्रामीण भेगका किसानहरुले लगाएका धान वालीमा अहिले दुई वटा रोगको संक्रमण हुँदा किसानहरु चिन्तामा परेका छन्। खास गरी अगहनी धानबालीमा रोगको संक्रमण देखिएको छ। सोना मंसुली र



मोटरी मंसुलीमा यी दुबै रोग लागेका किसानहरुले बताएका छन्।

धान वालीमा सिड ब्लाइड र गोबारो रोग लागेको छ। सिड ब्लाइड रोगका कारण बिरुवाको जरा कुहिएको तथा जराबाटै पातहरु सुक्दै गएको जगरनाथपुर गाउँपालिका वडा- ३ का किसान धर्म साहले बताए। बिरुवामा बाला पलाउने समयमा पिका अर्थात बाला निस्कने भाग नै सुक्दै गएको साहले बताए। एक दुईपटक विषादी छरे पनि कुनै असर नभएको साहले बताए। एकैपटक वालीमा दुई वटा रोग देखा परेपछि किसानहरुले कुन रोगको औषधि छर्ने चिन्ता परेका साहले बताए।

बिरुवामा बाली पलाउने बेला भएकोले अन्तिम पटक रासायनिक मल यूरिया छर्ने बेला पनि भएको जिराभवानी गाउँपालिका- २ स्थित सेढवाका किसान अमृत चौधरीले बताए।

यता कृषि ज्ञान केन्द्र पर्साका कृषि प्रसार अधिकृत सुरेन्द्र प्रसाद कुर्मीले फंगसको कारण सिड ब्लाइड र किराका कारण गोबारो (पिका सुक्ने) रोग लाग्ने गरेको बताएका छन्। धानवालीमा सधै पानी जमेका कारण सो रोगहरु लाग्ने गरेको अधिकृत कुर्मीले बताए।

सो धान वालीलाई यी रोगबाट बचाउन किटनाशक औषधि र बिषादी प्रयोग गर्नु पर्ने अधिकृत कुर्मीले बताए। गोबारो रोगका लागि क्लोरोपाइरीफस २ एम एल प्रति लिटर पानीमा मिसाएर बालीमा छर्न अधिकृत कुर्मीले बताए।

त्यस्तै सरलदहवा अर्थात सिड ब्लाइड रोगका लागि साफ नामक बिषादी २ ग्राम प्रति लिटर पानीमा मिसाई बालीमा छर्न अधिकृत कुर्मीले बताए।

**सर्पको टाकाईबाट बचौं**

- घरवरिपरि सफा राखौं, प्वालहरु टालौं,
- झाडी एवं खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठ्ठी लिएर हिँडौं
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्च लाईटको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होसियारी अपनाऔं,

**यदि सर्पले टोकेमा नजिकको सर्पदंश केन्द्र वा अस्पताल लैजाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड





जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८